महिला, कानून र विकास २०५२
FWLD
अविभेद र समानताको लागि कार्यरत

LACC

PPR NEPAL

Center for Legal Research and Resource Development (CeLRRd) Kathmandu, Nepal

मानव बेचबिखन तथा ओसारपसार
विरुद्ध पीडित केन्द्रित दृष्टिकोणबाट
अवलम्बन गर्नुपर्ने उपायहरु सम्बन्धी

साझा अवधारणापत्र

२०७७

हाम्रो सम्मान

USAID
अमेरिकी जनताबाट

WINROCK INTERNATIONAL

UKaid
from the British people

मानव बेचबिखन तथा ओसार पसार विरुद्ध पीडित केन्द्रित
दृष्टिकोणबाट अवलम्बन गर्नुपर्ने उपायहरु सम्बन्धी

साझा अवधारणापत्र

२०७७

यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरुको र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) मार्फत बेलायती जनताहरुको सहयोगका कारण सम्भव बनेको हो । यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री महिला, कानून र विकास मञ्च (FWLD), कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (CeLRRd), कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC), जनअधिकार संरक्षण मञ्च नेपाल (PPR-Nepal) को एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको वा डिएफआइडी वा संयुक्त अधिराज्य सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

विषय सूची

क. मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडित तथा साक्षीहरूको संरक्षण

१. नेपालमा मानव बेचबिखन र ओसार पसारको अवस्था १
२. मानव बेचबिखन तथा ओसारपसारका पीडितको संरक्षणको आवश्यकता २
३. पीडित तथा साक्षी संरक्षणको उद्देश्य २
४. नेपालमा पीडित तथा साक्षी संरक्षणसम्बन्धी कानुनी व्यवस्थाहरू ३
५. पीडित संरक्षणका सम्वन्धमा सर्वोच्च अदालतबाट भएको प्रयास ४
६. पीडित तथा साक्षी संरक्षणका चरणहरू ५
७. पीडित तथा साक्षीको संरक्षणका लागि चाल्नुपर्ने कदमहरू ६

ख. मानव बेचबिखन तथा ओसारपसार अपराध पीडितको खोजी तथा उद्धार

खोजी र उद्धार कार्यको प्रभावकारी कार्यान्वयनको लागि गरिनु पर्ने कार्यहरू १३

ग. मानव बेचबिखन तथा ओसार पसारका मुद्दामा क्षतिपूर्ति

१. अपराधको सूचनामा स्पष्टता १६
२. राहत, क्षतिपूर्ति तथा पुर्नस्थापना कोष १६
३. पीडित तथा साक्षी सेवा केन्द्रको स्थापना १७
४. पीडित जानकारी पुस्तिका १८
५. सम्पर्क, सूचना तथा जनचेतना १८

घ. मानव बेचबिखन तथा ओसारपसार अपराधका मुद्दाहरूमा अपनाउनु पर्ने पीडितकेन्द्रित अदालतीय कार्यविधि

१. परिचय १८
२. पीडितमैत्री अदालती कार्यविधिका सम्बन्धमा गरिनु पर्ने कार्यहरुको आवश्यकता १९
३. संवेदनशील मुद्दाहरूलाई व्यवस्थापन गर्ने सम्बन्धमा भएका कानुनी व्यवस्थाहरू २०

४. विद्यमान नेपालका कानुनहरुमा भएको व्यवस्था २१
५. पीडितमैत्री सुनुवाई कक्ष तथा कर्मचारीहरुको पीडितमैत्री व्यवहारका लागि तत्काल गरिनुपर्ने कार्यहरु पीडितमैत्री सुनुवाई कक्ष तथा अदालतका कर्मचारीहरु २३
६. साक्षी तथा पीडितहरुको बयानको प्रमाणीकरण २४
७. निरन्तर सुनुवाई २५
८. अदालती प्रक्रियालाई पीडितमैत्री बनाउन यसका सम्बद्ध पक्षहरुले गर्नुपर्ने भूमिका २६
अनुसन्धान तहकिकात गर्ने प्रहरी कर्मचारीले निर्वाह गर्नुपर्ने भूमिका २६
अभियोजनकर्ता/सरकारी वकिलले निर्वाह गर्नुपर्ने दायित्व २७
अदालतबाट निर्वाह गर्नुपर्ने दायित्व २७
कानुन व्यवसायीले निर्वाह गर्नु पर्ने दायित्व २८
नागरिक समाजले निर्वाह गर्नुपर्ने दायित्व २८

क. मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडित तथा साक्षीहरुको संरक्षण

१. नेपालमा मानव बेचबिखन र ओसारपसारको अवस्था

मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी रूपमा एकदमै छिटो फैलिरहेको अपराध हो । यो संगठित रूपमा अपराधिक समुह वा सञ्जालको माध्यमबाट अन्तरदेशीय रूपमा फैलिरहेको छ । संसारका सबै देश कुनै न कुनै रूपमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबाट प्रभावित छन् । विश्वव्यापी रूपमा हुने मानव बेचविखन तथा ओसारपसारमा महिला तथा बालबालिकाहरुको संख्या अत्यधिक रहेको छ । मानव बेचबिखन र ओसारपसार एउटा अपराध मात्र नभएर मानव अधिकारको उल्लंघन पनि हो ।

मानव बेचबिखनमा परेका व्यक्तिहरु स्वयं पीडित व्यक्तिहरु हुन् भने अर्कोतिर उनीहरुको संरक्षणको उचित व्यवस्था, संरक्षणको लागि संरचना, कार्यक्रम र अनुगमनको अभावको कारण उनीहरु दाहोरो पीडामा पर्ने सम्भावना पनि उत्तिकै रहेको छ । मानव बेचबिखनका पीडित भन्नाले बेचिएको व्यक्ति, ओसार पसार गरिएको व्यक्ति तथा वेश्यावृत्तिमा लगाइएका व्यक्तिहरु र त्यसबाट प्रभावित व्यक्तिहरु समेत पर्दछन् । पीडित तथा साक्षी संरक्षणसम्बन्धी कानुन तथा कार्यक्रमको अभावमा मानव बेचबिखनका पीडित व्यक्तिहरुको सुरक्षा, गोपनीयता, उनीहरुको अधिकार र न्यायको विषय ओझेलमा पर्दै आएको छ ।



संसारका सबै देश कुनै न कुनै रुपमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबाट प्रभावित छन् । विश्वव्यापी रुपमा हुने मानव बेचविखन तथा ओसारपसारमा महिला तथा बालबालिकाहरुको संख्या अत्यधिक रहेको छ । मानव बेचबिखन र ओसारपसार एउटा अपराध मात्र नभएर मानव अधिकारको उल्लंघन पनि हो ।

पीडित व्यक्ति न्याय सम्पादनको मुख्य पक्ष, साक्षी र सहयोगी व्यक्ति पनि भएको हुनाले उनीहरूको संरक्षणका उपायहरु विना उचित न्याय सम्पादन सफल हुन सक्दैन ।

२. मानव बेचबिखन तथा ओसारपसारका पीडितको संरक्षणको आवश्यकता

कुनै पनि घटनाको पहिलो प्रत्यक्ष अनुभवी व्यक्ति पीडित स्वयं नै हुने गर्दछ । कतिपय घटनाका पीडित व्यक्तिहरु नै स्वयं त्यस घटनाका साक्षी पनि हुन्छन् । गम्भिर प्रकृतिका अपराधमा पीडितलाई स्वयं साक्षीको रूपमा राखेको हुन्छ । साक्षीहरूले न्यायालयलाई सहयोग पुऱ्याउँदा पीडक वा विपक्षीहरूबाट डर, धाक, धम्की आउन सक्दछ जसको कारण उनीहरु जोखिममा रहेका हुन्छन् । अपराधीले जहिले पनि आफू उम्कन विभिन्न हत्कण्डा अपनाउन सक्दछ । त्यसैले उनीहरूको संरक्षण गर्न र न्याय सम्पादनमा सहयोग पुऱ्याएकोमा उनीहरूलाई सुविधा दिन अत्यन्तै आवश्यक हुन्छ । यसका लागि साक्षीको संरक्षण तथा सहायता सम्बन्धमा छुट्टै कानुनको निर्माण हुनु आवश्यक छ । साक्षी संरक्षणको आवश्यकतालाई औल्याउँदै नेपालको सर्वोच्च अदालतले पनि साक्षी संरक्षणको सन्दर्भमा छुट्टै कानुनको आवश्यकता रहेको औल्याएको छ ।

साक्षीहरूले न्यायालयलाई सहयोग पुऱ्याउँदा पीडक वा विपक्षीहरूबाट डर, धाक, धम्की आउन सक्दछ जसको कारण उनीहरु जोखिममा रहेका हुन्छन् । अपराधीले जहिले पनि आफू उम्कन विभिन्न हत्कण्डा अपनाउन सक्दछ । त्यसैले उनीहरूको संरक्षण गर्न र न्याय सम्पादनमा सहयोग पुऱ्याएकोमा उनीहरूलाई सुविधा दिन अत्यन्तै आवश्यक हुन्छ ।

न्याय सम्पादनमा मुख्य साक्षीको रूपमा प्रस्तुत हुने पीडितलाई सुरक्षा लगायतका संरक्षणका कार्यक्रममा सहभागी गराउनु पर्ने हुन्छ । यिनीहरूलाई शारीरिक अर्थात् भौतिक सुरक्षा प्रदान गर्ने मात्र होइन की पुनः पीडित हुनबाट समेत संरक्षण प्रदान गर्नुपर्दछ । त्यस्ता घटनाका पीडित/साक्षीसँग कानूनी वा अपराधिक कारवाहीको सिलसिलामा महत्वपूर्ण भूमिका खेल्न सक्ने सुचना वा जानकारी भएको हुनाले उनीहरूको संरक्षण महत्वपूर्ण हुन्छ । मानव बेचबिखनको अपराध संगठित अपराध पनि भएको हुँदा यस्ता अपराधहरूमा पीडितहरु माथि अनेक प्रकारका दवाब, हिंसा, पीडा र घटनाहरु हुन सक्ने संभावनाहरु हुन सक्छन् । तसर्थ यस्ता अपराधहरूमा पीडितहरूको सुरक्षाको विषय भनै महत्वपूर्ण हुन्छ ।

३. पीडित तथा साक्षी संरक्षणको उद्देश्य

अहिलेको विश्वमा संगठित अपराधको सीमा छैन । बहुराष्ट्रिय संगठित अपराधहरूमा बृद्धि हुँदै गएको छ । अपराधिक संगठनहरूमा पनि बृद्धि हुनुको साथै त्यस्ता संगठनहरु बढी नै सशक्त हुँदै गएका छन् । तिनीहरु योजनाबद्ध अपराध गर्न र एक आपसमा सहयोग गर्न उद्धत छन् । त्यस्ता अपराधको अनुसन्धान तहकिकातमा साक्षी प्रमाणको महत्वपूर्ण स्थान हुन्छ । तर सबै मानिस साक्षीको रूपमा प्रस्तुत हुन तयार हुँदैनन् किनकि त्यस्ता अपराधिक गिरोहहरूको विरूद्ध प्रमाण लाग्ने कुरा व्यक्त गर्दा उसको र परिवारका सदस्यको जीउ ज्यान, सम्पत्ति तथा स्वतन्त्रतामा आघात पुग्न सक्छ र प्रमाणको

अभावमा वास्तविक अपराधीले उन्मुक्ति पाउने स्थिति रहन्छ । त्यसैले पीडित र साक्षी संरक्षणको माध्यमबाट कानुन कार्यान्वयन तथा अनुसन्धान तहकिकात गर्ने अधिकारी समक्ष आफ्नो कुरा निर्धक्कसँग राख्न सक्ने वातावरण हुनु पर्दछ । न्याय सम्पादनमा सहयोगी भए बापत कुनै किसिमको हानी, नोक्सानी, पीडा वा धरपकड हुँदैन भन्ने कुरामा पीडित र त्यस घटनाका साक्षी हुने व्यक्तिहरूलाई सुनिश्चितता प्रदान गरिएको हुनुपर्छ । पीडित साक्षीलाई प्रदान गरिने आर्थिक सहयोग, खान, बस्न र यातायात बापत लाग्ने खर्च प्रदान गर्नाले एकातर्फ अनुसन्धान प्रक्रियालाई सहयोग पुऱ्याउँछ भने अर्कोतर्फ अतिरिक्त आर्थिक भार कम गरेर साक्षीको तनाव पनि कम गराउँछ ।

पीडित संरक्षणको उद्देश्य न्याय प्रशासनको प्रभावकारितामा अभिवृद्धि गर्नु हो । पीडितको बैयक्तिक स्वतन्त्रता, मानव प्रतिष्ठा लगायतका हक अधिकारको सम्मान, रक्षा र संरक्षण गर्नु, पीडितलाई सम्भावित शारीरिक, मानसिक सुरक्षाको खतराबाट जोगाउनु, पीडितलाई न्याय दिलाउन अर्थात न्यायको प्रत्याभूति दिलाउनु, कसूर प्रमाणित गर्न आवश्यक प्रमाण लोप हुन वा विपरीत (Hostile) हुन नदिई संरक्षण गर्नु, पीडित साक्षी बनेका कारण पुनः पीडित हुने अवस्थाबाट संरक्षण गर्नु यसको अतिरिक्त उद्देश्यहरु हुन् ।

पीडित संरक्षणको उद्देश्य न्याय प्रशासनको प्रभावकारितामा अभिवृद्धि गर्नु हो । पीडितको बैयक्तिक स्वतन्त्रता, मानव प्रतिष्ठा लगायतका हक अधिकारको सम्मान, रक्षा र संरक्षण गर्नु, पीडितलाई सम्भावित शारीरिक, मानसिक सुरक्षाको खतराबाट जोगाउनु, पीडितलाई न्याय दिलाउन अर्थात न्यायको प्रत्याभूति दिलाउनु, कसूर प्रमाणित गर्न आवश्यक प्रमाण लोप हुन वा विपरीत (Hostile) हुन नदिई संरक्षण गर्नु, पीडित साक्षी बनेका कारण पुनः पीडित हुने अवस्थाबाट संरक्षण गर्नु यसको अतिरिक्त उद्देश्यहरु हुन् ।

पीडित तथा साक्षी संरक्षणको आवश्यकता

४. नेपालमा पीडित तथा साक्षी संरक्षणसम्बन्धी कानुनी व्यवस्थाहरु

मानव बेचबिखन तथा ओसारपसार ऐन अन्तर्गतको कसूरसम्बन्धी मुद्दाको कारवाही तथा सुनुवाइ बन्द इजलासमा गरिने र यसरी बन्द इजलासमा कारवाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्ने व्यवस्था छ । यसको साथै उजुर

गर्ने व्यक्तिले आफूले अदालतमा बयान वा साक्षीका रूपमा गरेको बकपत्रका आधारमा कुनै प्रतिशोधात्मक कारवाहीमा पर्न सक्ने मनासिब कारण देखाई नजिकको प्रहरी कार्यालयमा सुरक्षाको माग गरेको खण्डमा उक्त व्यक्तिलाई सुरक्षा प्रदान गर्ने व्यवस्था पनि ऐनले गरेको छ । यस ऐनको दफा १६ ले आत्मरक्षाको अधिकार प्रदान गरेको छ । यस ऐनले पीडितको पुर्नस्थापन गर्न सरकारद्वारा नै पुर्नस्थापना केन्द्र स्थापना गरी संचालन गर्ने, प्रमाणको भार अभियुक्तमा हुने, पीडित अदालतमा उपस्थित नभए पनि वयानलाई अदालतले प्रमाणको रूपमा लिन सक्ने, पीडितले दोभाषे राख्न पाउने जस्ता अधिकारहरु प्रदान गरिएको छ । त्यसैगरी सरकार वादी मुद्दाका साक्षीहरूलाई अदालतमा उपस्थिति हुन आउँदा आवश्यक खर्च उपलब्ध गराउनु पर्ने व्यवस्था छ । सरकारी पक्षका साक्षीलाई अदालतमा आउँदा जाँदा नेपाल सरकारका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीले पाए सरह दैनिक भ्रमण भत्ता दिनु पर्ने कानूनी व्यवस्था छ । तर उक्त ऐन लागू भएको यत्तिका वर्ष वितिसक्दा पनि उक्त ऐनमा व्यवस्था गरिएको सुविधाको कार्यान्वयन भएको छैन र साक्षी उपस्थिति हुँदा कानून बमोजिमको खर्च उपलब्ध गराइएको पाइँदैन ।

मानव बेचबिखन तथा ओसारपसार ऐनको दफा १६ ले आत्मरक्षाको अधिकार प्रदान गरेको छ । यस ऐनले पीडितको पुर्नस्थापन गर्न सरकारद्वारा नै पुर्नस्थापना केन्द्र स्थापना गरी संचालन गर्ने, प्रमाणको भार अभियुक्तमा हुने, पीडित अदालतमा उपस्थित नभए पनि वयानलाई अदालतले प्रमाणको रुपमा लिन सक्ने, पीडितले दोभाषे राख्न पाउने जस्ता अधिकारहरु प्रदान गरिएको छ ।

५. पीडित संरक्षणका सम्वन्धमा सर्वोच्च अदालतबाट भएको प्रयास



पीडित संरक्षणका लागि उपयुक्त कानुन र विधि निर्माण गर्न सर्वोच्च अदालतले नेपाल सरकारलाई निर्देशनात्मक आदेश दिएको छ भने *महिला, कानुन र विकास मञ्चका लागि सपना प्रधान मल्ल वि. नेपाल सरकार* को मुद्दामा बिशेष प्रकारका सम्वेदनशील मुद्दाहरूमा गोपनीयता कायम गर्न निर्देशिका समेत जारी गरेको छ । *महिला, कानुन र विकास मञ्चका लागि मीरा ढुङ्गाना वि. नेपाल सरकार*को मुद्दामा पीडित साक्षीको संरक्षण र सहायता सम्बन्धी छुट्टै कानून निर्माण गर्न सरकारका नाममा परमादेश जारी गर्न तथा पीडित साक्षीको संरक्षण गर्न प्रत्येक प्रहरी कार्यालयमा साक्षी संरक्षण अधिकृत तोक्न, साक्षीको छुट्टै प्रतिक्षालयको व्यवस्था गर्न, छुट्टै साक्षी संरक्षण कार्ययोजना निर्माण गर्न, प्रत्येक मुद्दामा साक्षीहरु बकपत्रका लागि उपस्थिति हुना साथ बकपत्रको कार्य प्रारम्भ गर्न र तत्कालै कानून निर्माण हुन सक्ने अवस्था नदेखिएकोले कानून निर्माण नभएसम्मका लागि अदालतबाटै कानून सरहको निर्देशिका निर्माण गरि कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्न सरकारका नाममा आदेश जारी गरेको छ । सर्वोच्च अदालतले यसै आदेशमा कार्यदल गठन गरी साक्षी संरक्षणसम्बन्धी कार्ययोजना तयार गर्न, प्रहरी प्रधान कार्यालयमा साक्षी संरक्षण तथा सहायता शाखा राख्न, प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालयका प्रमुखको संयोजकत्वमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्न र साक्षी संरक्षण अधिकृत तोक्न का साथै साक्षी संरक्षण सम्बन्धमा अन्य आवश्यक व्यवस्था गर्न समेत निर्देशनात्मक आदेश जारी गरेको छ ।

६. पीडित तथा साक्षी संरक्षणका चरणहरू



सर्वोच्च अदालतले आदेशमा कार्यदल गठन गरी साक्षी संरक्षणसम्बन्धी कार्ययोजना तयार गर्न, प्रहरी प्रधान कार्यालयमा साक्षी संरक्षण तथा सहायता शाखा खोल्न, प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालयका प्रमुखको संयोजकत्वमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्न र साक्षी संरक्षण अधिकृत तोक्न का साथै साक्षी संरक्षण सम्बन्धमा अन्य आवश्यक व्यवस्था गर्न समेत निर्देशनात्मक आदेश जारी गरेको छ ।

✦ उद्धारका क्रममा पीडितको संरक्षण

उद्धारका क्रममा नै पीडितको संरक्षण आवश्यक हुन्छ । पीडितलाई पुनः पीडित हुनबाट जोगाउन, पीडितमाथि हुनसक्ने सम्भावित घटनाहरुबाट बचाउन पनि पीडितलाई उद्धारकै क्रमबाट संरक्षण गर्नुपर्ने हुन्छ । यसो गर्न सकेमा मात्र प्रमाणहरूलाई जोगाउन सक्ने, पीडितलाई हतोत्साहित हुनबाट बचाउने र पीडितको संरक्षणलाई व्यवस्थित गर्न सकिने हुन्छ ।

✦ अनुसन्धान एवं अभियोजनका क्रममा पीडित एवं साक्षीको संरक्षण

धेरैजसो अवस्थामा प्रहरीलाई सहयोग गरेबापत पीडित तथा साक्षीलाई डर, धम्की, धरपकड, हतोत्साह, आक्रमण, सम्पत्तिको हानी नोक्सानी एवं बदला लिने धम्कीको सामना गर्नु पर्ने हुन्छ । त्यसैले यस्तो क्रियाकलापबाट साक्षीलाई सुरक्षा प्रदान गर्न र अपराधीलाई निरूत्साहित गर्न अनुसन्धान एवं अभियोजनका क्रममा पीडितको संरक्षणको व्यवस्था गर्नु पर्ने हुन्छ । अपराधीहरुबाट अपराधका प्रमाणहरु नष्ट गर्न सक्ने, पीडित वा साक्षीमाथि आक्रमण हुन सक्ने अवस्थाले गर्दा पनि पीडित र साक्षीको संरक्षण आवश्यक हुन्छ ।

✦ भौतिक सबुत परीक्षणका क्रममा पीडित तथा साक्षीको संरक्षण

भौतिक प्रमाणहरु न्याय सम्पादनका महत्वपूर्ण आधारहरु हुन् । अपराधीले प्रमाणहरु नष्ट गर्न सक्ने सम्भावना प्रबल हुने हुँदा यसबखत पनि पीडितको संरक्षणमा ख्याल गर्नुपर्ने हुन्छ । प्रमाणहरु संकलन गर्न, यसको परीक्षणबाट सबुत जुटाउन दोषीले अवरोध सृजना गर्न सक्ने र पीडित तथा साक्षीमाथि आक्रमण हुन सक्ने हुँदा यस क्रममा पनि पीडित तथा साक्षीको संरक्षणको आवश्यकता हुन जान्छ ।

✦ अदालती कारवाही (सुनुवाई) को क्रममा पीडित तथा साक्षीको संरक्षण

अदालतमा बयान गर्न आउँदा जाँदा वा अन्य अदालती कारवाहीको क्रममा पनि पीडितको संरक्षण आवश्यक हुन्छ । यस क्रममा अपराधीले पीडित तथा साक्षी र उनीहरूका परिवारका सदस्यहरूप्रति भौतिक आक्रमण गर्न सक्ने, धाक धम्की दिन सक्ने र अन्य घटनाहरु घटाउन सक्ने हुँदा यस क्रममा पनि साक्षी वा पीडितको संरक्षण आवश्यक हुन्छ ।

✦ फैसला कार्यान्वयन र सो पश्चात् पीडित तथा साक्षीको संरक्षण

फैसला कार्यान्वयन र सो पश्चात् पनि पीडित वा साक्षीहरूमाथि बदला लिने, दुःख दिने वा उनीहरूका परिवारका सदस्यहरूलाई समेत दुःख दिन सक्ने हुँदा फैसला पश्चात् पनि साक्षी वा पीडित संरक्षणको आवश्यकता पर्दछ ।

अदालतमा बयान गर्न आउँदा जाँदा वा अन्य अदालती कारवाहीको क्रममा पनि पीडितको संरक्षण आवश्यक हुन्छ । यस क्रममा अपराधीले पीडित तथा साक्षी र उनीहरूका परिवारका सदस्यहरूप्रति भौतिक आक्रमण गर्न सक्ने, धाक धम्की दिन सक्ने र अन्य घटनाहरु घटाउन सक्ने हुँदा यस क्रममा पनि साक्षी वा पीडितको संरक्षण आवश्यक हुन्छ ।

७. पीडित तथा साक्षीको संरक्षणका लागि चाल्नुपर्ने कदमहरु

मानव बेचबिखनका पीडित तथा साक्षीहरूको संरक्षणको कार्यक्रमले उनीहरूको उद्धार, स्वदेश फिर्ती, पुनःस्थापना, पुनःएकिकरण, गोपनीयताको संरक्षण र उचित क्षतिपूर्तिको क्षेत्रमा कार्य गर्नुपर्दछ । यी कार्यहरूलाई व्यवस्थित गर्न सरकारले पीडित तथा साक्षीहरूको संरक्षण सम्बन्धी छुट्टै कानुन निर्माण गर्नेदेखि संरचनाहरूको स्थापना गर्नेसम्मका कार्यहरु पर्दछन् ।

✦ पीडित तथा साक्षीको संरक्षणका लागि छुट्टै कानुनको प्रभावकारिता

पीडित तथा साक्षीको संरक्षणका लागि नेपालमा भर्खरै छुट्टै कानुन निर्माण भएको सन्दर्भमा अन्तर्राष्ट्रिय मापदण्ड तथा मानवाधिकारवादी दृष्टिकोणलाई समेत समेटेर यस सम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । यस कानुनले प्रदान गरेको पीडित तथा साक्षीको संरक्षण र सुविधा समेतलाई व्यवहारमा रूपान्तरण गर्नुपर्दछ ।

✦ गोपनीयता कायम गर्नुपर्ने

पीडित तथा साक्षीको गोपनियताको संरक्षणका लागि निर्देशिका समेत जारी भईसके तापनि गोपनीयता कायम राख्ने प्रक्रियाहरूमा विविधता रहेको छ । कसैले गोपनीयता कायम गर्न काल्पनिक नामको प्रयोग गरेको पाइन्छ भने कतै संख्या वा चिन्हको प्रयोग गरेको पाइन्छ । तसर्थ गोपनीयता कायम गर्ने प्रक्रियामा एकरूपता हुनु जरूरी छ । यसको लागि विवरण गोप्य राखिएको व्यक्तिलाई संकेत प्रदान गर्नु पर्दछ ।

✦ बन्द इजलासमा सुनुवाइ गर्नुपर्ने

संवेदनशील मुद्दाहरूको सुनुवाइ बन्द इजलासबाट हुनु पीडित वा साक्षी संरक्षणको लागि महत्वपूर्ण हुन्छ । नेपालको कानुनले बालबालिका, जबरजस्ती करणी, नाता

कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाई गर्नु मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुने व्यवस्था गरेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले समेत यस मुद्दाको कार्वाही बन्द इजलासमा हुनु पर्ने व्यवस्था गरेता पनि यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन । बन्द इजलासको नाममा बोर्डहरु मात्र राखिने तर इजलासमा अन्य व्यक्तिहरुको उपस्थितिले पीडित वा साक्षीलाई विपक्षीबाट धम्की, डर हुने वा विपक्षीको रोहवरमा साक्षीलाई डरको सिर्जना हुने भएकोले यस्तो प्रभावलाई न्यूनिकरण गर्नका लगि बन्द इजलासमा सुनुवाइको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

- **पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नु पर्ने**

  पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था भएको अवस्थामा मात्र उनीहरुको संरक्षणको कार्यक्रम सफल हुन सक्दछ । यसको लागि पीडकहरुबाट उचित क्षतिपूर्ति भराउने र सरकारले समेत क्षतिपूर्ति दिलाउने व्यवस्था गर्नुपर्दछ । मुद्दाको अन्तिम निर्णय हुनका लागि धेरै वर्ष लाग्ने हुनाले सरकारले अन्तरिम क्षतिपूर्तिको अवधारणा ल्याउनु जरूरी छ । सरकारले पीडकबाट जरिवाना असुल नहुन्जेलका लागि पीडितलाई अन्तरिम क्षतिपूर्ति उपलब्ध गराई सो क्षतिपूर्तिको रकम जरिवानाबाट असुल उपर गर्नु पर्दछ ।

- **पीडित तथा साक्षी संरक्षण तथा सहायता शाखाको स्थापना गर्नुपर्ने**

  नेपालको सर्वोच्च अदालतले समेत नेपाल प्रहरी अर्न्तगत पीडित तथा साक्षी संरक्षण तथा सहायता शाखाको स्थापना गर्न सरकारलाई आदेश दिएको छ । पीडित तथा साक्षीको संरक्षण घटना तथा अनुसन्धानको क्रमबाटै आवश्यक पर्ने हुँदा उनीहरुको संरक्षणमा प्रहरीको मुख्य भूमिका हुने गर्दछ । तसर्थ पनि नेपाल प्रहरी अर्न्तगत पीडित तथा साक्षी संरक्षण तथा सहायता शाखाको स्थापना गर्नु आवश्यक छ ।

- **प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालयका प्रमुखको संयोजकत्वमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्नुपर्ने**

  प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालयका प्रमुखको संयोजक्तवमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्न सर्वोच्च अदालतले आदेश समेत दिएको र यसले स्थानिय तहमा पीडित तथा साक्षी संरक्षणको कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुऱ्याउँदछ ।

नेपालको कानुनले बालबालिका, जबरजस्ती करणी, नाता कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाई गर्नु मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुने व्यवस्था गरेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले समेत यस मुद्दाको कार्वाही बन्द इजलासमा हुनु पर्ने व्यवस्था गरेता पनि यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन ।

- **प्रहरी कार्यालयमा साक्षी संरक्षण अधिकृत तोक्नु पर्ने**

  प्रत्येक प्रहरी कार्यालयमा साक्षी संरक्षण अधिकृत तोकेर साक्षी संरक्षणको कार्यलाई व्यवस्थित गर्न सकिन्छ । ऐनले नै पीडित वा साक्षीले मनासिब कारण देखाई सुरक्षाको माग गरेमा सुरक्षा प्रदान गर्ने प्रावधानको व्यवस्था गरेता पनि पीडित/साक्षीले सुरक्षाको माग गरे पश्चात् पनि सुरक्षा नपाएको हुँदा यस्ता संरक्षण अधिकृतले पीडित/साक्षीको सुरक्षाको व्यवस्थाको गर्नुका साथै गोपनीयता कायम गर्न विशेष भूमिका निर्वाह गर्न सक्दछन् ।

- **पीडित तथा साक्षी संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन कार्ययोजना निर्माण गर्नुपर्ने**

  देशभरिनै पीडित तथा साक्षी संरक्षणको कार्यक्रमलाई प्रभावकारी बनाउन, साक्षी तथा पीडितको आवश्यकतालाई ध्यान दिई आवश्यकता अनुसारको सुविधा र सहयोग प्रदान गर्न, आवश्यक कानुनको निर्माण तथा भएका कानुनहरूमा आवश्यकताअनुसार संशोधन गर्न, कानुनद्वारा स्थापित हुने संरचनाहरूको प्रभावकारी कार्यान्यवन गर्न विशेष कार्ययोजना निर्माण गरिनु पर्दछ र यस्तो कार्ययोजना निर्माण गर्न सर्वोच्च अदालतले आदेश पनि दिएको छ ।

नेपाली महिला बालबालिकालाई नेपालबाट अन्य देशमा गरिने बेचबिखन र ओसारपसारविरुद्ध बृहद कार्यक्रम हुने गरे तापनि समस्या कम हुन नसकेको अवस्था पछिल्लो दशकबाट देशभित्र पनि क्याविन रेष्टुँरा, डान्स बार, मसाज लगायतमा मानव बेचबिखनसँग सम्बन्धित अपराधका घटनामा व्यापक बृद्धि भईरहेको छ ।

ख. मानव बेचबिखन तथा ओसारपसार अपराध पीडितको खोजी तथा उद्धार

नेपालमा मानव बेचबिखन तथा ओसारपसारको अपराध नियन्त्रण जहिले पनि चुनौतीपूर्ण रही आएको छ । खासगरी नेपाली महिला बालबालिकालाई नेपालबाट अन्य देशमा गरिने बेचबिखन र ओसारपसारविरूद्ध बृहद कार्यक्रम हुने गरे तापनि समस्या कम हुन नसकेको अवस्था पछिल्लो दशकबाट देशभित्र पनि क्याविन रेष्टुँरा, डान्स बार, मसाज लगायतमा मानव बेचबिखनसँग सम्बन्धित अपराधका घटनामा व्यापक बृद्धि भईरहेको छ । यसरी मानव बेचबिखन र ओसारपसार देशभित्र र अन्तरदेशीय दुवै रूपमा रहेको र यसलाई नियन्त्रण गर्न यससँग सम्बन्धित क्षेत्रमा विशेष र विस्तृत कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यसमा पनि मानव बेचबिखन तथा ओसारपसारको अपराधमा पीडित हुन पुगेका वा ओसारपसारको क्रममा रहेका महिला तथा बालबालिकाहरूको खोजी र उद्धार गर्ने कार्य महत्वपूर्ण भएता पनि यससम्बन्धमा स्पष्ट नीति निर्देशिका तथा कार्यविधि नभएको कारणले खोजी तथा उद्धार कार्य सञ्चालन सशक्त र प्रभावकारी रूपमा हुन सकेको छैन । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १२ मा विदेशमा बेचिएका नेपालीहरूको उद्धारको जिम्मेवारी नेपाल सरकार रहने व्यवस्था गरेको छ । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी घटनामा अपराधपश्चात् कानूनी कारवाही तथा पीडितको उद्धार गर्नुभन्दा अपराध हुनबाट जोगाउनु नै महत्वपुर्ण



हुन्छ । यसका लागि पीडित बेचबिखन वा ओसारपसारमा पर्नु अगावै वा सो क्रममा निजहरूको खोजी र उद्धार गर्नुपर्छ ।

हाल विद्यमान अवस्थालाई हेर्ने हो भने कानूनमा उद्धार गर्ने जिम्मेवारी सरकारलाई तोकिनुको अलावा अन्य थप व्यवस्थाहरु हुने सकेको छैन । यसमा पनि कानूनी व्यवस्थाले विदेशमा बेचिएका व्यक्तिहरूलाई उद्धार गर्ने हदसम्म सीमित गरिएको कारणले देशभित्रनै बेचबिखनमा परेकाहरूको उद्धार सम्बन्धमा कानून मौन रहेको छ । अर्कोतर्फ विदेशमा बेचिएका बाहेक ओसारपसारमा परेका र देशभित्रै पनि ओसारपसारमा परेका पीडितहरु खोजी तथा उद्धारसम्बन्धमा कानूनी व्यवस्था नहुँदा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको अभियानले सफलता पाउन सकेको छैन । यस्तै गरी उद्धार सम्बन्धमा कस्तो उद्धार कार्य कसरी कसले सञ्चालन गर्ने भन्ने सम्बन्धमा ऐन तथा नियमावलीमा कुनै व्यवस्था नहुँदा उद्धारको कार्य सुनियोजित तथा प्रभावकारी नहुनुको साथै यस क्षेत्रमा कार्यरत गैह्र तथा अन्तर्राष्टिय संघसंस्थाको भर परिरहेको देखिन्छ । मानव बेचबिखन र ओसारपसारविरूद्ध हाल संलग्न निकायको भूमिकालाई हेर्ने हो भने नेपाल प्रहरी नै उद्धार कार्यको मुख्य समन्वयकर्ता हुन् । पछिल्लो अवस्थामा नेपाल प्रहरीभित्रको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय र यस अन्तर्गतका निकाय नै यस अपराध नियन्त्रणमा प्रमुख भूमिकादायी रहेका छन् । तर पनि बेचबिखन र ओसारपसारमा परेकाहरूको सूचना संकलन तथा खोजी र उद्धार कार्यमा रहेको कानून र नीतिगत अस्पष्टता तथा कार्यविधिको अभावका कारणले यी निकायबाट समन्वय तथा सशक्त कारवाही भने हुन सकेको छैन, जसको परिणामस्वरूप अझै पनि धेरै व्यक्तिहरूलाई पीडित हुनबाट जोगाउन तथा पीडित भएकाहरूको उद्धार गर्न सकिरहेको छैन । खोजी र उद्धार कार्यमा को को संलग्न रहने र कसको भुमिका के हुने भन्ने स्पष्ट दिशानिर्देश हुन सकेमा देशभित्र र बाहिर दुवै तहमा खोजी र उद्धार कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ ।

यसैगरी हाल सञ्चालन गरिने खोजी र उद्धार कार्यमा आवश्यक पर्ने रकम र सोको सञ्चालन सम्बन्धमा ऐन कानून मौन रहेको र खोजी र उद्धार कार्य गर्न यस क्षेत्रमा

बेचबिखन र ओसारपसारमा परेकाहरूको सूचना संकलन तथा खोजी र उद्धार कार्यमा रहेको कानून र नीतिगत अस्पष्टता तथा कार्यविधिको अभावका कारणले यी निकायबाट समन्वय तथा सशक्त कारवाही भने हुन सकेको छैन, जसको परिणामस्वरुप अझै पनि धेरै व्यक्तिहरूलाई पीडित हुनबाट जोगाउन तथा पीडित भएकाहरूको उद्धार गर्न सकिरहेको छैन ।

कार्यरत संघसंस्था गुहार्नु पर्ने मात्र नभई रकम अभावको कारणबाट पीडितलाई पर्याप्त सहयोग हुन नसकेको अवस्था छ । अर्कोतर्फ खोजी र उद्धार कार्य रहेको समन्वयको अभावको कारणले देशभित्रै उपलब्ध सहज सेवाहरूमा पनि पीडितको पहुँच पुग्न सकेको छैन । कतिपय अवस्थामा सरकारी तथा गैह्रसरकारी संस्थाहरूबाट उपलब्ध गराइने स्वास्थ्य, मनोविमर्श तथा कानूनी लगायतका निःशुल्क उपलब्ध भइरहेको सेवामा पहुँच पुऱ्याउन नसकेको कारणबाट पनि पीडितले प्रभावकारी न्यायबाट बञ्चित हुनाका साथै कतिपय अवस्थामा मानसिक, शारीरिक स्वास्थ्यमा प्रतिकुल असर भोग्नु परेको छ । खोजी र उद्धार कार्यपश्चात् पीडितलाई प्राप्त हुने सेवाको सम्बन्धमा पनि अहिले हाम्रा कानूनहरु मौन रहेका छन् । खास गरी नेपाल बाहिर उद्धार गरिने कानूनी व्यवस्था भए पनि उद्धारपछि स्वदेश फिर्तीको अधिकारसम्बन्धमा कानून मौन रहेको छ । यसले गर्दा विदेशमा उद्धार मात्र गरिने हो की स्वदेश फिर्ती पनि गरिने हो स्पष्ट छैन । यसका अलावा उद्धारपछि पीडितलाई पुनर्स्थापना तथा कानूनी प्रक्रिया सञ्चालनसम्म समन्वय गर्ने सम्बन्धमा पनि अस्पष्टता रहेको कारणले उद्धार गरिएका पीडितहरूले सही मार्गदर्शन पाउन सकेको छैनन् ।

कतिपय अवस्थामा सरकारी तथा गैह्रसरकारी संस्थाहरूबाट उपलब्ध गराइने स्वास्थ्य, मनोविमर्श तथा कानूनी लगायतका निःशुल्क उपलब्ध भइरहेको सेवामा पहुँच पुऱ्याउन नसकेको कारणबाट पनि पीडितले प्रभावकारी न्यायबाट बञ्चित हुनाका साथै कतिपय अवस्थामा मानसिक, शारीरिक स्वास्थ्यमा प्रतिकुल असर भोग्नु परेको छ ।

खोजी र उद्धार कार्यको प्रभावकारी कार्यान्वयनको लागि गरिनु पर्ने कार्यहरु

१. वर्तमान कानूनमा रहेका अस्पष्टता हटाउने
२. खोजी र उद्धार कार्यको संयोजन गर्ने निकाय
३. खोजी र उद्धार कार्यको खर्च व्यवस्थापन
४. खोजी र उद्धार कार्यविधि लागु गर्ने

१) **वर्तमान कानूनमा रहेका अस्पष्टता हटाउने**: ऐनको दफा १२ मा रहेको विदेशमा बेचिएकाहरूको उद्धार गर्ने भन्ने व्यवस्थालाई संशोधन गरी देशभित्र र बाहिर जहाँ पनि बेचिएका वा ओसारपसारमा परेकाहरूको उद्धार गर्ने भन्ने कानूनी व्यवस्था राखिनु पर्छ । यसले देशभित्रका पीडितहरूलाई उद्धार गर्ने ढोका खुल्नेछ ।

२) **खोजी र उद्धार कार्यको संयोजन गर्ने निकाय**: मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७२ साथै विद्यमान कानूनी व्यवस्थाले केन्द्रमा NCCHT, जिल्लामा DCCHT साथै पालिकामा LCCHT र वडामा विषयगत समिति सम्मको व्यवस्था गरेकोमा पीडितको खोजी र उद्धार कार्य गर्दा उचित समन्वय र संयोजनको खाँचो छ । खोजी र उद्धार कार्यमा प्रहरीको भूमिका महत्वपूर्ण देखिने र हुने भएकोले पनि माथिका निकायहरूले आफ् नो भूमिका गौण राख्ने गरेको पाईन्छ भने अर्कोतर्फ बेचबिखनविरूद्धको अभियानमा लागेका गैह्रसरकारी संस्थाहरूसँग यथेष्ट सूचनाहरु आउने भए पनि उद्धार गर्ने

अधिकार नभएको कारणले अन्य निकायको भर पर्नु पर्ने अवस्थामा छन् । यी सबै विषयलाई सम्बोधन गर्नका लागि खोजी र उद्धार कार्य गर्दा कसले संयोजन वा समन्वय गर्ने र कसले टोली नेतृत्व लिने भन्ने विषय निर्क्यौल हुनु पर्दछ । यसका लागि :

- ✦ देश भित्रको खोजी र उद्धार कार्यमा क्षेत्र अनुसार LCCHT, DCCHT ले संयोजन/समन्वय गर्ने र आवश्यकता अनुसार केन्द्र NCCHT ले पनि संयोजन गर्ने,
- ✦ विदेशमा गरिने खोजी र उद्धार कार्यमा NCCHT ले संयोजन गर्ने र यसका लागि आवश्यकता अनुसार सम्बन्धित देशमा रहेका उच्चायुक्तको कार्यालयसँग समन्वय गर्ने,
- ✦ खोजी र उद्धार टोलीको नेतृत्व प्रहरी अधिकृत वा तोकिएको अधिकारीले गर्ने ।
- ✦ सम्मानित सर्वोच्च अदालतबाट २०६६ मा भएको निर्देशन अनुसार प्रत्येक जिल्ला प्रहरी कार्यालयमा एक अधिकृतलाई साक्षी संरक्षण अधिकृत तोकिनु पर्ने व्यवस्था समेतलाई मध्यनजर गर्दा सम्भव भएसम्म सोही अधिकृतलाई नै टोली नेतृत्व दिनु पर्छ ।

३) **खोजी र उद्धार कार्यको खर्च व्यवस्थापन** : खोजी र उद्धार कार्यको खर्च कसले व्यहोर्ने भन्ने सम्बन्धमा अहिलेसम्म स्पष्ट व्यवस्था नभएकोले यसबाट देखिएको प्रभाव न्युनीकरण गर्न ऐनको दफा १७ मा रहेको पूनर्स्थापना कोषबाट व्यहोरिने गरी कानूनमा संशोधन गरी खोजी र उद्धार कार्यमा लाग्ने खर्चसमेत सोही कोषबाट अग्रीम रूपमा उपलब्ध गराउने वा सोधभर्ना गर्ने व्यवस्था गर्नुपर्छ ।

४) **खोजी र उद्धार कार्यविधि लागु गर्ने** : ऐनमा रहेको व्यवस्था कार्यान्वयन गर्न तथा माथि उल्लेखित कानूनहरूमा परिवर्तनका साथसाथै खोजी र उद्धार कार्यलाई चुस्त, नियमित तथा समन्वयात्मक रूपमा सञ्चालन गर्नका लागि एक बृहद् कार्यविधि तयार गरी लागू गर्नुपर्छ । यस्तो कार्यविधिलाई पीडितमा केन्द्रित हुने गरी तर्जुमा गर्ने र हरेक प्रक्रियालाई सुक्ष्म रूपमा समन्वय गर्ने खालको हुनुपर्छ । यसका लागि देहायका विषय र प्रक्रियासमेत समावेश गरी खोजी कार्य शुरू गर्नु पूर्वदेखि उद्धारपश्चात्का कार्यसमेत संलग्न हुने गरी छुट्टै खोजी र उद्धार कार्यविधि तर्जुमा गर्नुपर्छ :

सूचना संकलन र विश्लेषण

- ✦ मानव बेचबिखन र ओसारपसारमा परेका पीडितहरूका सम्बन्धमा खोजी तथा उद्धार कार्य गर्नु पूर्व यससम्बन्धमा सूचना वा जानकारी संकलन कसरी गर्ने,
- ✦ सूचना संकलनको मुख्य भूमिकामा रहने प्रहरी कर्मचारीले वा तोकिएका व्यक्ति वा निकायले यस क्षेत्रमा कार्यरत संघसंस्थाहरूले पनि सूचना संकलन र सोको विश्लेषण गर्ने,

बेचबिखनविरुद्धको अभियानमा लाग्ने गैह्रसरकारी संस्थाहरुसँग यथेष्ट सूचनाहरु आउने भए पनि उद्धार गर्ने अधिकार नभएको कारणले अन्य निकायको भर पर्नु पर्ने अवस्थामा छन् । यी सबै विषयलाई सम्बोधन गर्नका लागि खोजी र उद्धार कार्य गर्दा कसले संयोजन वा समन्वय गर्ने र कसले टोली नेतृत्व लिने भन्ने विषय निर्क्यौल हुनु पर्दछ ।

- **सूचना संकलनका श्रोतहरू पहिचान** : खोजी तथा उद्धार कार्यका लागि प्रहरीले आफ्नै स्रोत, अन्य सरकारी निकायको स्रोत तथा यस क्षेत्रमा कार्यरत संघ संस्थाहरु, पत्रपत्रिका, पूर्व पीडितहरूबाट सूचना संकलन गर्न सक्ने,
- **श्रोत गोप्य राख्ने** : सूचना संकलन गर्दा सूचना संकलन वा सम्प्रेषणका लागि सम्भव भएसम्म सम्बन्धित व्यक्तिको परिचय, फोन नं. तथा ठेगानाहरु गोप्य राख्ने,
- **सूचकलाई पुरस्कृत गर्ने** : सूचना दिने व्यक्तिलाई सही सूचना उपलब्ध गराएमा पुरस्कार दिइने,
- **सूचना विश्लेषण**: संकलित सूचनालाई भरपर्दो र विश्वास गर्न सकिने हो/होइन यकिन गर्न सूचना विश्लेषण गर्नु पर्ने,

पीडितको खोजी र उद्धार गर्ने क्रममा पीडक वा अन्यबाट हुन सक्ने प्रत्याक्रमण वा पीडितहरु विरुद्ध हुन सक्ने थप हिंसाका साथै खोजी कार्यको जानकारी चुहावट भएमा विफल हुन सक्ने अवस्था समेतलाई दृष्टिगत गर्दै खोजी र उद्धार कार्य सञ्चालन पूर्व नै कारवाही योजना तयार गरी खोजी कार्यमा जानेलाई अभ्यस्त बनाउनु पर्छ ।

कारवाही योजना

पीडितको खोजी र उद्धार गर्ने क्रममा पीडक वा अन्यबाट हुन सक्ने प्रत्याक्रमण वा पीडितहरु विरूद्ध हुन सक्ने थप हिंसाका साथै खोजी कार्यको जानकारी चुहावट भएमा विफल हुन सक्ने अवस्था समेतलाई दृष्टिगत गर्दै खोजी र उद्धार कार्य सञ्चालन पूर्व नै कारवाही योजना तयार गरी खोजी कार्यमा जानेलाई अभ्यस्त बनाउनु पर्छ । यसका लागि:

- खोजी र उद्धारको सम्भावित स्थानका नक्सा तयार पार्ने,
- सम्भावित स्थानको गतिविधि रेकर्ड र अध्ययन गर्ने तथा रेकी गर्ने,
- खोजी तथा उद्धार कार्य सञ्चालन गर्दा आउन सक्ने सम्भावित जोखिमको अनुमान र जोखिम न्यूनिकरणका लागि अवलम्बन गर्नु पर्ने उपायको व्यवस्था गर्ने,
- उद्धार गरिएका पीडितहरु र पक्राउ परेका अभियुक्तहरूलाई छुट्टाछुट्टै राखी निश्चित स्थानमा पुऱ्याउने,
- पीडितको आवश्यकता अनुसार मेडिकल परीक्षण तथा मनोसामाजिक विमर्श उपलब्ध हुन सक्ने वातावरण तयार पार्ने ।

खोजी र उद्धार टोली

कारवाही योजनाअनुरूप संयोजन गर्ने निकायले खोजी र उद्धार टोली तयार पार्ने र सोबाट खोजी र उद्धारको कार्य गर्नुपर्छ र यसका लागि देहायअनुसार टोली गठन गर्न सकिन्छ:

- जिल्ला समन्वय समितिले प्रत्येक जिल्लामा स्थायी प्रकृतिको टोली गठन गर्न सक्नेछ ।
- देश बाहिरको लागि केन्द्रिय समन्वय समिति र परराष्ट्र मन्त्रालयको सम्बन्धित विभागको समन्वयमा टोली गठन गर्न सक्ने छ ।

- केन्द्रिय वा जिल्ला समन्वय समितिले कुनै विशेष उद्धारको आवश्यकता अनुसार केन्द्र, जिल्ला वा स्थानीय स्तरमा लागि विशेष टोली गठन गर्न सक्ने छ ।
- खोजी र उद्धार कार्यमा संलग्न टोली सदस्यहरूको काम प्रकृति अनुसार जिम्मेवारी र काम बाँडफाँट गरिनु पर्ने जस्तै उद्धार गरिने पीडितलाई पीडकबाट अलग राख्ने, तत्काल उपचारको व्यवस्था तथा आवश्यक भएमा मनोसामाजिक विमर्शको अवसर तथा पीडकलाई पक्राउ गर्ने रणनीति, उम्कन नदिने तथा उनीहरूसँगको सबुत प्रमाणहरु संकलनको कार्य सुक्ष्म रूपमा सञ्चालन गर्ने ।

टोलीका सम्भावित सदस्यहरु

- टोलीको नेतृत्व प्रहरी अधिकृत वा तोकिएको कर्मचारीबाट गराउनु पर्छ ।
- टोलीमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थानीय प्रतिनिधि, स्वास्थ्यसाग सम्बन्धित प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि तथा उपलब्ध भएसम्म मनोसामाजिक विमर्शकर्ता, सरकारी वकिल आदिको संलग्नता रहेको हुनुपर्छ ।

खोजी र उद्धार कार्य सञ्चालन गर्दा पीडितको सुरक्षा र उद्धारलाई केन्द्रमा राख्नु पर्छ । यसका लागि टोलीमा संलग्न सदस्यहरूलाई विशेष निर्देशन र प्रशिक्षित गर्नुका साथै सम्भव भएमा आवश्यकता अनुसार खोजी र उद्धारको पूर्वअभ्यास गराउनु पर्छ ।

खोजी तथा उद्धारको कार्य सञ्चालन

खोजी र उद्धार कार्य सञ्चालन गर्दा पीडितको सुरक्षा र उद्धारलाई केन्द्रमा राख्नु पर्छ । यसका लागि टोलीमा संलग्न सदस्यहरूलाई विशेष निर्देशन र प्रशिक्षित गर्नुका साथै सम्भव भएमा आवश्यकता अनुसार खोजी र उद्धारको पूर्वअभ्यास गराउनु पर्छ । खोजी र उद्धार कार्य सञ्चालन गर्दा देहायका कुराहरूलाई मध्यनजर गर्नुपर्छ :

- खोजी र उद्धारमा संलग्न हुने प्रहरीहरूलाई आवश्यकता अनुसार सादा पोशाक तथा प्रहरी पोशाकमा संलग्न गर्ने,
- पीडितको खोजी तथा उद्धार गर्दा पहिले निजको शारीरिक अवस्था र निजको अवस्थितिलाई विश्लेषण गर्दै पीडकबाट छुट्टाउनु वा मुक्त गर्ने,
- पीडक (हरु) लाई भाग्न उम्कन नदिई तत्काल नियन्त्रणमा लिने कार्य गर्ने,
- खोजी तथा उद्धारको कारवाही सञ्चालन क्रममा घटना स्थापित गर्न सहायक हुने प्रमाणहरु समेत बरामद गर्ने । पीडक वा पीडित साथ रहेभएका सामान वा प्रमाणहरु बरामद गर्दा प्रहरीले कानुनले तोकेको खानतलासी तथा वरामदी मुचुल्का खडा गर्ने,
- उद्धार गरिएका पीडितलाई सम्बन्धित घटना, कानूनी व्यवस्था र निजको सुरक्षा समेतका बारेमा जानकारी दिने । निजको शारीरिक र मानसिक अवस्था हेरी आवश्यकताअनुसार स्वास्थ्य, कानुनी तथा मनोसामाजिक परामर्श

तत्काल दिने । यसको अलावा उद्धार गरिएका पीडितहरूलाई खाने र बस्ने व्यवस्थाका साथसाथै महत्वपूर्ण रूपमा पीडक तथा अन्य कोहीबाट पनि हुन सक्ने खतराबाट बचाउन आवश्यक सुरक्षाको व्यवस्था गर्ने,

- पक्राउ गरिएका अभियुक्तहरूलाई पक्राउको कारण र कानुनी व्यवस्थाका सम्बन्धमा जानकारी दिने,
- नेपाल बाहिरबाट उद्धार गरिएको अवस्थामा स्थानीय प्रहरी प्रशासनलाई जानकारी दिने,
- पीडितको खोजी तथा उद्धार कार्यमा संलग्न सबैले पीडितको मानव अधिकारको उच्च सम्मान गर्ने ।

उद्धार गरिएको पीडितको अधिकारहरू

- पहिचान गोपनीयता राख्ने,
- कानून र अदालती प्रक्रियाबारे जानकारी प्राप्त गर्ने,
- सुरक्षा प्राप्त गर्ने,
- सुरक्षित बसोबास वा/तथा पारिवारिक पुनर्स्थापना,
- कानूनबमोजिम न्याय पाउने र पीडकविरूद्ध कारवाही ।

उद्धार गरिएका पीडित नाबालक भएमा

- माथि उल्लेखित अलावा निजको बाल अधिकार संरक्षण गर्ने र निजको विषयमा निर्णयहरु गर्दा निजसँग सहमति लिई निजको सर्वोत्तम हितलाई ध्यानमा राखी निर्णय गर्ने,
- उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्स्थापना, सामाजिक पुनर्स्थापना सम्भव नभएमात्र बाल कल्याणगृह वा अन्य संस्थामा पठाउने ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा गरिएको व्यवस्थाअनुसार अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने हुन्छ ।

ग. मानव बेचबिखन तथा ओसार पसारका मुद्दामा क्षतिपूर्ति

मानव बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित हुने पक्षलाई तत्कालीन तथा दीर्घकालिन रूपमा सुरक्षा, संरक्षण तथा क्षतिपूर्ति दिनुपर्ने हुन्छ । साथै अपराधको वारदातका साक्षीलाई पनि तत्कालीन वा दीर्घकालीन रूपमा सुरक्षा, संरक्षण दिनुपर्ने हुनसक्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा गरिएको व्यवस्थाअनुसार अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने हुन्छ । साथै यही ऐनमै गरिएको व्यवस्थाअनुसार पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन

गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्ने र सोको लागि एक पुनर्स्थापना कोष स्थापना गर्ने व्यवस्था छ ।

तर उक्त कानूनी व्यवस्थाबाट मात्र सो अपराधबाट पीडित भएका व्यक्ति तथा साक्षीको संरक्षण तथा सुरक्षा गर्न र पीडितलाई पर्याप्त क्षतिपूर्ति दिन सकिएको छैन । क्षतिपूर्ति दिँदा कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी दिने व्यवस्थाले क्षतिपूर्ति भराईदिने कार्यलाई कठीन बनाई दिएको छ । यसले एकातिर क्षतिपूर्तिलाई मुद्दा ठहर हुने वा नहुने कुरासँग जोडेको छ भने अर्कोतिर पीडितलाई तत्कालै दिनुपर्ने अन्तरिम राहतको आवश्यकतालाई समेट्न सकेको छैन ।

क्षतिपूर्ति दिंदा कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी दिने व्यवस्थाले क्षतिपूर्ति भराईदिने कार्यलाई कठीन बनाई दिएको छ । यसले एकातिर क्षतिपूर्तिलाई मुद्दा ठहर हुने वा नहुने कुरासँग जोडेको छ भने अर्कोतिर पीडितलाई तत्कालै दिनुपर्ने अन्तरिम राहतको आवश्यकतालाई समेट्न सकेको छैन ।

अपराधका पीडित पक्ष र साक्षीलाई दिनुपर्ने सुरक्षा, संरक्षण तथा क्षतिपूर्तिलाई अपराध ठहर भएको वा नभएको कुरासँग जोड्न मिल्दैन किनकि अपराध ठहर हुने वा नहुने कुरा अपराध भएको समयभन्दा लामो समय बितेपछि निर्णय हुने कुरा हो, जुन न्यायिक प्रक्रियाको प्राविधिक पक्षसँग पनि जोडिएको हुन्छ । अपराधको वारदात भई मुद्दा नै नचलेको अवस्थामा पनि सुरक्षा, संरक्षण तथा क्षतिपूर्ति दिनुपर्ने हुनसक्छ ।

अदालतबाट भएका फैसलामा उक्त ऐनअनुसार नै क्षतिपूर्तिको लागि आदेश भएको पाइन्छ । तर आदेशपछि पनि क्षतिपूर्ति प्राप्त गर्नमा धेरै समस्याहरु रहेका छन् । कतिपय पीडितलाई यस व्यवस्थाको बारेमा जानकारी नै छैन भने कतिपयलाई अदालतका त्यस्ता आदेशहरुकै बारेमा पनि जानकारी छैन । यस्तो अवस्थाले अदालतका आदेशहरुको जानकारी पीडित पक्षसम्म पुऱ्याउने संयन्त्रको अभाव रहेको विडम्वनापूर्ण अवस्थालाई दर्शाउँछ । कतिपय अवस्थामा पीडकसँग जरिवाना तिर्ने सम्पत्ति पनि नभएको यथार्थता हामी सामु रहेको छ । यस्तो अवस्थामा नेपाल सरकार विरूद्ध सीताराम थिङ्गको मुद्दामा मकवानपुर जिल्ला अदालतले पीडितलाई पुनर्स्थापना कोषबाट अन्तरिम राहत दिने निर्णय गरेको थियो ।

त्यस्तै महिला, कानून र विकास मञ्च (FWLD) द्वारा दायर गरिएको अर्को मुद्दा *(महिला, कानून र विकास मञ्च विरूद्ध नेपाल सरकार, नेकाप २०७० अंक ३, पृ. ३२६)* मा सर्वोच्च अदालतले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम अदालतको फैसलाबाट पीडितलाई क्षतिपूर्ति भराई दिने ठहर भएको रकमको लागि अविलम्व छुट्टै क्षतिपूर्ति कोष खडा गरी सो कोषको लागि आवश्यक रकम समेत आ. व. २०७०/०७१ को बजेटमा अनिवार्य रूपमा विनियोजन गर्नका साथै सम्बन्धित प्रहरी कार्यालयले समेत सक्रिय पहल गरी पीडितलाई सो क्षतिपूर्ति रकम भराई दिने व्यवस्था गराउन आदेश दिएको छ ।

उपर्युक्त पृष्ठभूमिमा पीडितलाई राहत तथा क्षतिपूर्ति दिलाउन देहायका व्यवस्था गर्न आवश्यक भएको छ :



- अपराधको सूचनामा स्पष्टता
- राहत, क्षतिपूर्ति तथा पुर्नस्थापना कोष
- पीडित तथा साक्षी सेवा केन्द्रको स्थापना
- पीडित जानकारी पुस्तिका
- सम्पर्क, सूचना तथा जनचेतना

१. अपराधको सूचनामा स्पष्टता

अवस्थाअनुसार यस्तो सूचना पीडित स्वयं वा निजको नजिकको व्यक्ति वा अनुसन्धान गर्ने निकाय स्वयंले पनि संकलन गर्न सक्ने कानूनी व्यवस्था रहेको बारेमा व्यापक रुपमा जनचेतना अभिवृद्धि गर्नुपर्छ । अर्कोतर्फ मानव बेचबिखनको कसूर नभएको अवस्थामा पनि कसूर भएको भनी सो ऐनको दुरुपयोग गर्ने कार्य पनि बेला बखत हुँदै आएको सन्दर्भमा त्यसतर्फ पनि सबै चनाखो बन्नुपर्ने भएको छ ।

अपराधको घटना (वारदात) भएको कुराको सूचना नै औपचारिक रूपमा कुनै पनि मुद्दा शुरू हुने पहिलो चरण हो । यस्तो सूचना प्राप्त नभएको अवस्थामा कुन व्यक्ति के कस्तो प्रकारले मानव बेचबिखन तथा ओसारपसारको कसूरमा संलग्न रहेको हो वा सो को पीडित हो वा होइन भन्ने कुरा स्थापित हुन नसक्ने भएकोले कसूर भएको कुराको सूचना औपचारिक रूपमा दिने वा प्राप्त गर्ने प्रक्रियालाई सरल र सहज तुल्याउन अति नै जरूरी छ । अवस्थाअनुसार यस्तो सूचना पीडित स्वयं वा निजको नजिकको व्यक्ति वा अनुसन्धान गर्ने निकाय स्वयंले पनि संकलन गर्न सक्ने कानूनी व्यवस्था रहेको बारेमा व्यापक रूपमा जनचेतना अभिवृद्धि गर्नुपर्छ । अर्कोतर्फ मानव बेचबिखनको कसूर नभएको अवस्थामा पनि कसूर भएको भनी सो ऐनको दुरूपयोग गर्ने कार्य पनि बेला बखत हुँदै आएको सन्दर्भमा त्यसतर्फ पनि सबै चनाखो बन्नुपर्ने भएको छ । यसका लागि सरकारीस्तरमा प्रत्येक जिल्ला प्रहरी कार्यालयको संयोजनमा जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला विकास समिति, नगरपालिका र गाउँपालिका तथा गैरसरकारी संस्थाहरुको समन्वयमा जिल्लाव्यापी सूचना प्रवाह सञ्जाल निर्माण गरिनु उपयुक्त हुन्छ ।

२. राहत, क्षतिपूर्ति तथा पुर्नस्थापना कोष

मानव बेचबिखन तथा ओसारपसारको अपराधका पीडित तथा साक्षीको संरक्षण तथा उनीहरूलाई दिइनु पर्ने तत्कालीन तथा दीर्घकालीन क्षतिपूर्ति र सामाजिक पुनर्स्थापनाको व्यवस्था गर्न नेपाल सरकारले एक राहत, क्षतिपूर्ति तथा पुनर्स्थापना कोषको व्यवस्था मिलाउनुपर्छ ।

सो कोषमा सरकारको सालवसाली योगदानका अतिरिक्त मानव बेचबिखनका मुद्दामा तोकिएको जरिवाना तथा ऐन बमोजिम जफत गरिएको सम्पत्ति समेत यसै कोषमा जम्मा गरिनु पर्छ । यो कोष हरेक जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट संचालित हुने एकीकृत प्रकृतिको घुम्ती कोषका रूपमा स्थापना गरिनु उपयुक्त हुन्छ । यसको संचालन जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालयका प्रतिनिधि समेत रहेको संचालक समितिबाट गरिनु पर्दछ । यो कोष संचालनको लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले अलग्गै कार्यविधि बनाउनु पर्छ ।

(क) राहत

मानव बेचबिखन तथा ओसारपसारको अपराधका पीडितलाई मुद्दा दर्ता हुनासाथ मुद्दा हेर्ने अदालतले पीडितको शारीरिक तथा मानसिक अवस्था, भरणपोषण गर्नुपर्ने आश्रित परिवार सदस्यको संख्या समेतको विचार गरी मनासिव माफिकको रकम अन्तरिम राहतका रूपमा उपलब्ध गराउनु पर्छ । साथै पीडितका साक्षीलाई समेत आवश्यकता अनुसार साक्षी बक्न आउँदा र जाँदाको खर्च तथा निर्वाह खर्चका रूपमा राहत रकम उपलब्ध गराउनु पर्छ । यस्तो रकम पछि मुद्दा ठहरेमा अभियुक्तबाट भराउने गरी व्यवस्था गरिनुपर्दछ भने मुद्दा नठहरेमा राज्य कोषबाट व्यहोरिनु पर्दछ । तर झुट्टा व्यहोराको मुद्दा भएका सो रकम र सो को दोब्बर रकम त्यस्तो राहत पाउनेबाट अदालतले भराइ कोषमा दाखिल गर्ने व्यवस्था मिलाउनु पर्छ ।

(ख) क्षतिपूर्ति

पीडितलाई परेको पीडाको मात्रा समेतलाई विचार गरी शुरु मुद्दा फैसला गर्ने अदालतले मुद्दा फैसला गर्दाकै बखत तोके बमोजिमको क्षतिपूर्ति रकम सो कोषबाट पीडितलाई दिनुपर्छ तर सो रकम सजायको ५० प्रतिशतमा मात्र सीमित गरिनु हुँदैन । क्षतिपूर्ति रकम मुख्य अभियुक्त वा अन्य कुनै अभियुक्त फेला नपरेको वा फरार रहेको अवस्थामा पनि दिलाई दिनुपर्छ ।

(ग) पुनर्स्थापना

पीडित तथा साक्षी सेवा केन्द्रले पीडितको सामाजिक पुनर्स्थापनाको लागि सीप विकास तथा आयआर्जनसम्बन्धी विभिन्न कार्यहरूमा पीडितलाई सहयोग गर्नुपर्छ । यसका लागि महिला तथा बालबालिका कार्यालय लगायत जिल्लाका विभिन्न कार्यालयहरूले गर्ने वार्षिक कार्यक्रमहरूलाई विचार गरी सो केन्द्रले आवश्यक निर्णय गर्नुपर्छ ।

३. पीडित तथा साक्षी सेवा केन्द्रको स्थापना

हरेक जिल्लाका प्रहरी कार्यालयका प्रमुखको संयोजकत्वमा सरकारी वकिल कार्यालय र जिल्लास्थित नेपाल बार एसोसियसनको समेत संलग्नतामा जिल्ला प्रहरी कार्यालयमा पीडित तथा साक्षी सेवा केन्द्र स्थापना गर्नुपर्छ । सो केन्द्रले अपराधबाट पीडित हुनेका अधिकारको बारेमा सचेतना विस्तार गर्नका साथै पीडित राहत कोषबाट रकम प्राप्त गरी पीडित तथा साक्षीलाई अदालतको आदेशानुसार वा आवश्यकतानुसार पनि संरक्षण तथा क्षतिपूर्ति उपलब्ध गराउनु पर्छ । साथै यस केन्द्रले पीडित तथा साक्षीको संरक्षण गर्ने तथा क्षतिपूर्ति दिने अन्य सरकारी वा गैरसरकारी निकायहरूको नियमन तथा तिनीहरूसँग समन्वयात्मक रूपमा कार्य गर्नुपर्छ । यस केन्द्रमा पीडितलाई आवश्यक पर्न सक्ने औषधोपचार, मनोवैज्ञानिक परामर्श, आश्रितहरूको सुरक्षा तथा संरक्षण जस्ता कुरा उपलब्ध गराउनु पर्छ । यस केन्द्रको मातहतमा आवश्यकतानुसार पीडित र साक्षीलाई समेत खाने र बस्ने ठाउँ (वा सेल्टर हाउस) को बन्दोबस्त पनि मिलाइनु पर्छ ।

पीडित तथा साक्षी सेवा केन्द्रमा पीडितलाई आवश्यक पर्न सक्ने औषधोपचार, मनोवैज्ञानिक परामर्श, आश्रितहरूको सुरक्षा तथा संरक्षण जस्ता कुरा उपलब्ध गराउनु पर्छ । यस केन्द्रको मातहतमा आवश्यकतानुसार पीडित र साक्षीलाई समेत खाने र बस्ने ठाउँ (वा सेल्टर हाउस) को बन्दोबस्त पनि मिलाइनु पर्छ ।

४. पीडित जानकारी पुस्तिका

गम्भीर प्रकृतिका सरकारवादी मुद्दाका प्रत्येक चरणमा भएको प्रगति (जस्तैः प्रतिवादी पक्राउ परे नपरेको, बयानमा साविती भए नभएको, अदालतबाट भएको थुनछेक आदेश तथा अन्य आदेश आदि) तथा अभियुक्तको अवस्था (जस्तैः धेरैजना प्रतिवादीहरु थुनामा रहेकोमा कोही वा सबै नै थुनामा रहेको वा नरहेको, कुन ठाउँमा थुनामा रहेको आदि) को बारेमा जिल्ला सरकारी वकिल कार्यालयले पीडितलाई जानकारी दिनुपर्छ । त्यसरी दिइएको जानकारीलाई अभिलेख गर्न सो कार्यालयमा पीडित जानकारी पुस्तिका खडा गरी अभिलेख गर्नुपर्छ ।

५. सम्पर्क, सूचना तथा जनचेतना

अपराधका पीडितहरूलाई दिइने संरक्षण, सुरक्षा तथा क्षतिपूर्तिका बारेमा जानकारी नै नहुने र उनीहरु पीडकहरूको धम्की तथा त्रासबाट बाहिर आउन नसक्ने वा आए पनि मुद्दाका विभिन्न चरणमा गएर कुनै न कुनै रूपमा पीडकहरूको विपक्षमा उभिन नसक्ने पनि हुँदा उनीहरूलाई राज्यले दिने त्यस्ता सेवा तथा सुविधाको बारेमा व्यापक रूपमा जानकारी दिनुपर्छ । यसका लागि एकातिर व्यापक रूपमा जनचेनता अभिबृद्धि गर्नुपर्छ भने अर्कोतर्फ अपराधको सूचना प्राप्त भइसकेको अवस्थामा पीडित वा निजका परिवारलाई राज्यले दिने सेवा सुविधाको बारेमा जानकारी दिनुपर्छ ।

मानव बेचबिखन र ओसारपसार जस्तो विश्वव्यापी रुपमा एकदमै छिटो फैलिरहेको संगठित अपराधका पीडितहरु सम्बद्ध रहने मुद्दाहरूमा अदालती कार्यविधि तथा न्याय सम्पादनका सम्पुर्ण प्रक्रिया र संरचनाहरु पीडितमैत्री हुन जरुरी हुन्छ । न्याय ढिलो दिनु भनेको न्याय दिन इन्कार गर्नु हो भन्ने विश्वव्यापी न्यायिक मान्यता छ ।

घ. मानव बेचबिखन तथा ओसारपसार अपराधका मुद्दाहरूमा अपनाउनु पर्ने पीडित केन्द्रित अदालतीय कार्यविधि

१. परिचय

छिटो, छरितो र पहुँच योग्य न्याय सबै नागरिकको सार्वभौम अधिकार हो । यसको सुनिश्चितताका लागि न्याय सम्पादन गर्ने निकायहरूले न्याय सम्पादनका प्रक्रिया र संरचनाहरूलाई पीडितमैत्री बनाई छिटो छरितो र सर्वसुलभ तरिकाबाट न्याय सम्पादन गर्नुपर्ने हुन्छ । अझ विशेषगरी मानव बेचबिखन र ओसारपसार जस्तो विश्वव्यापी रूपमा एकदमै छिटो फैलिरहेको संगठित अपराधका पीडितहरु सम्बद्ध रहने मुद्दाहरूमा अदालती कार्यविधि तथा न्याय सम्पादनका सम्पुर्ण प्रक्रिया र संरचनाहरु पीडितमैत्री हुन जरूरी हुन्छ ।

न्याय ढिलो दिनु भनेको न्याय दिन इन्कार गर्नु हो भन्ने विश्वव्यापी न्यायिक मान्यता छ । तर एकातिर अदालतमा दायर भएका मुद्दाहरूमा फैसला हुन धेरै समय लाग्ने

गरेको छ भने अर्कोतिर अदालतको सुनुवाई कक्ष र अदालतका कर्मचारीहरु पीडितमैत्री र संवेदनशील नभएको अवस्थामा पीडितहरुको न्यायप्रतिको विश्वास र भरोसा कम हुन सक्ने सम्भावना रहेको हुन्छ, जसको कारण न्याय प्रदान गर्नमा कठिनाई उत्पन्न हुन गई न्यायपालिकाप्रतिको जनविश्वास प्राप्त हुन सक्दैन । यसका लागि न्याय छिटो छरितो कसरी गर्ने, न्याय सम्पादनका संरचनाहरूलाई कसरी पीडितमैत्री बनाउने र सुनुवाईको निरन्तरता कसरी गर्ने भन्ने सम्बन्धमा संसारभर विभिन्न प्रयोग र अवधारणाहरुको विकास हुँदै आएको छ । यस प्रकार संसारभरका विकसित अवधारणा र अभ्यासहरु तथा नेपालको आफ्नै विशिष्टताका आधारमा नेपालको अदालती कार्यविधिमा समेत पीडितमैत्री अदालती कार्यविधि निर्माण गर्ने आजको अपरिहार्य आवश्यकता बन्न पुगेको छ ।

मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित अपराधमा साक्षी प्रमाण, सवुद संकलन र साक्षी परीक्षण गर्ने कार्य निकै कठिन हुने र गोपनीयता लगायत न्याय सम्पादनको कार्य प्रभावकारी हुन नसक्दा त्यसले पीडितलाई समाजमा पार्ने असरहरुबाट संरक्षण गर्न पनि मुस्किल पर्ने हुँदा यस्ता मुद्दाहरुमा छिटो छरितो न्याय र पीडितमैत्री अदालती कार्यविधिको झनै महत्व रहेको छ ।

२. पीडितमैत्री अदालती कार्यविधिका सम्बन्धमा गरिनु पर्ने कार्यहरुको आवश्यकता

नेपालको फौजदारी न्याय प्रणाली र विशेषगरी महिला र बालबालिका सम्बद्ध रहने गरेका विषयहरु जस्तो मानव बेचबिखन र ओसारपसार लगायतका मुद्दाहरुको सम्बन्धमा न्यायिक प्रकृया विलम्बकारी भएको, अदालतका प्रक्रिया र संरचनाहरु पीडितमैत्री हुन नसकेको, अदालतका कर्मचारीहरु पीडित संवेदनशिल नभएको, साक्षीहरुको परीक्षण समयमा र ठीक तरिकाले हुन नसकेको, साक्षी संरक्षण हुन नसक्दा प्रमाण लोप हुने वा विपरीत रूपमा प्रयोग हुने गरेको, अभियुक्तहरु फरार रहने र साक्षीहरु उपस्थित नरहने गरेको र घटना र साक्षी परीक्षणबीच लामो अन्तर रहने गरेको तथा मुद्दाको दायरी र सुनुवाईबीच पनि लामो समयको अन्तराल रहने गरेको जस्ता कारणहरुले गर्दा प्रभावकारी ढंगले न्याय सम्पादन हुन नसकेको पाइन्छ । यस्ता समस्याहरूलाई उचित सम्बोधन गर्न मुद्दाको निरन्तर सुनुवाईको साथै वर्तमान नीति तथा कानुनहरुमा पीडितमैत्री अदालती कार्यविधि अपनाउन जरूरी भइसकेको छ । फौजदारी न्याय प्रशासन आफैमा एक गतिशील र परिवर्तनीय अवधारणा भएकोले पनि अपराधकर्मीको अपराध गर्ने तौरतरिकामा आएको परिवर्तन, पीडितमा त्यसले पारेको असर र पीडितको न्यायिक अपेक्षालाई समेत मध्यनजर राखेर कानुनहरुमा यससम्बन्धी व्यवस्थाहरु राखिनु पर्दछ । अझ विशेषगरी मानव बेचबिखन तथा ओसारपसार जस्तो संगठित अपराधमा साक्षी प्रमाण, सवुद संकलन र साक्षी परीक्षण गर्ने कार्य निकै कठिन हुने र गोपनीयता लगायत न्याय सम्पादनको कार्य प्रभावकारी हुन नसक्दा त्यसले पीडितलाई समाजमा पार्ने असरहरुबाट संरक्षण गर्न पनि मुस्किल पर्ने हुँदा यस्ता मुद्दाहरुमा छिटो छरितो न्याय र पीडितमैत्री अदालती कार्यविधिको झनै महत्व रहेको छ ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ग मा जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, घरेलु हिंसा, अपहरण तथा शरीर बन्धकलगायतका मुद्दामा नियमित सुनुवाई हुने व्यवस्था मिति २०६७/४/३ बाटै लागू भइसकेको भएता पनि अझैसम्म उक्त व्यवस्थाको कार्यान्वयन हुन सकेको छैन । नेपालको सर्वोच्च अदालतले सार्वजनिक सरोकारको विवादमार्फत ज्योती पौडेल विरूद्ध मन्त्रीपरिषद् सचिवालय समेतको मुद्दामा राज्यले महिला पीडित भएका सबैखाले फौजदारी मुद्दा र खासगरी घरेलु

हिंसासम्बन्धी मुद्दा मात्र हेर्न Fast Track Court गठन गर्नुपर्ने विषयमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा निर्देशनात्मक आदेश समेत जारी गरेको र *माईती नेपालसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*, को मुद्दामा जिल्ला अदालत नियमावलीमा तोकिएका फौजदारी मुद्दाहरूमा लगातार कारवाही र समयमा आफ्नो साक्षी प्रमाण आदि उपस्थित गराउने सुनिश्चित्ताको लागि जो चाहिने आवश्यक स्रोत साधनसहितको कानुनी व्यवस्था गरी गराई सहयोग गर्नु भनी आ-आफ्नो मातहतका निकायहरूलाई आवश्यक निर्देशन गर्नु भनी नेपाल सरकार गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयसमेतको नाममा परमादेशको आदेश जारी भएको सन्दर्भमा छिटो छरितो न्याय सम्पादनको लागि विद्यमान न्याय प्रणालीमा सुधार हुनुपर्ने कुरामा कसैको दुईमत हुन सक्दैन ।

मानव बेचबिखन र ओसारपसार जस्तो मुद्दाहरूमा सधै जोखिमयुक्त अवस्थामा रहने महिलाहरु नै बढी मात्रामा पीडित बन्ने गरेको देखिन्छ । यस्ता पीडित वर्गको न्यायको पहुँचलाई सहज तुल्याउन राज्यको भूमिका अझ बढी रचनात्मक र सहयोगी बन्नु पर्दछ । सामाजिक सुरक्षाका दृष्टिले समेत गहन किसिमका फौजदारी मुद्दाको सुनुवाई प्रकृयालाई अनुचित रूपमा लम्बिन नदिई पीडित एवम् प्रतिवादी स्वयंलाई समेत न्यायको अनुभूति दिलाउनको लागि मुद्दामा लगातार सुनुवाई गर्नुपर्दछ । लामो अन्तरालपश्चात् साक्षी परिक्षण गरिने परिपाटीले गर्दा साक्षीहरूलाई आर्थिक प्रलोभन वा डर, धाक, धम्कि देखाई प्रतिकूल हुन लगाउने, लामो अन्तरालपछि मात्र अदालत वयान वा बकपत्र गराईने परिपाटीले गर्दा मुद्दामा विरोधाभासपूर्ण अभिव्यक्ति आउन सक्ने भई थप प्रमाण संकलन र साक्षी उपस्थित गराउनसमेत कठिनाई हुने गरेको कारण पनि निरन्तर सुनुवाईको व्यवस्था हुन आवश्यक छ । त्यसैगरी प्रतिवादी र पीडित दुवैलाई फौजदारी न्याय प्रणालीप्रति विश्वस्त तुल्याउनको लागि परम्परागत रूपमा प्रयोग हुँदै आएको न्याय प्रशासनको लामो र झण्झटिलो कार्यविधिमा समेत समयानुकुल सुधार गरी अदालत र राज्यको समेत समय र स्रोत तथा साधनहरूको बचत गर्न सकिन्छ ।

३. संवेदनशील मुद्दाहरूलाई व्यवस्थापन गर्ने सम्बन्धमा भएका कानुनी व्यवस्थाहरु

अपराधबाट पीडितप्रतिको दायित्व स्वीकार गर्नु फौजदारी न्याय प्रसाशनको एउटा मुख्य कार्य हो । विश्वका सबै न्याय प्रणालीले अपराधबाट पीडितलाई न्याय दिनुपर्ने राज्यको दायित्व स्वीकार गरेका छन् । अबको न्याय प्रणालीमा बाल न्याय (Juvenile Justice), लैंगिक न्याय (Gender Justice), पुनर्स्थापकीय न्याय (Restorative Justice) जस्ता नयाँ मान्यताहरु विकसित हुँदै गएका छन् । पीडितहरूको न्यायको सुनिश्चितताका लागि संसारभर नयाँ नयाँ अवधारणा, मान्यता र अभ्यासहरूको विकास हुँदै आएको छ । संयुक्त राष्ट्रसंघद्वारा सन् १९८५ मा जारी भएको अपराधजन्य पीडितका लागि न्यायका आधारभुत सिद्धान्तहरु तथा अधिकारको दुरूपयोगसम्बन्धी घोषणा पत्र (Declaration of Crime of Abuse of Justice for Victims of Crime and Abuse of Power) ले पनि पीडितलाई न्याय प्रदान गर्नुपर्ने उद्घोष गरेको छ ।

कतिपय देशहरूमा हुँदै आएको अभ्यासहरूलाई हेर्ने हो भने पनि मुद्दामा लाग्ने समय कम गर्न र छिटो छरितो न्याय सम्पादन गर्न विभिन्न प्रयासहरु हुँदै आएको पाईन्छ ।

फिलिपिन्स, भारत लगायतका देशहरूमा पनि छिटो छरितो रूपमा मुद्दाहरूको किनारा लगाउन विशेष व्यवस्था र योजना अन्तर्गत शीघ्र सुनुवाई अदालतहरु (Fast Track Courts) को स्थापना गरी मुद्दाहरूको फर्छ्यौट हुने गरेको छ । भारतमा सन् २०१२ को डिसेम्बर १६ का दिन भारतको दिल्लीमा भएको सामुहिक बलात्कारको घटनापश्चात् भारतीय अपराध संहिता र सोसँग सम्बद्ध कानूनमा तत्काल आवश्यक संशोधन गरी यौन हिंसासम्बन्धी विद्यमान कानूनमा संशोधन गर्नुका साथै केही जिल्ला अदालतहरूमा "शीघ्र कारवाही अदालत" को गठन भई जबरजस्ती करणीलगायत गम्भीर प्रकृतिका महिला हिंसासँग सम्बन्धित मुद्दाहरु ती अदालतहरूबाट हेर्ने प्रचलन शुरू गरिएको छ । बेलायत र अमेरिकामा पनि घरेलु हिंसाका मुद्दालाई छिटो छरितो रूपमा किनारा लगाउनको लागि शीघ्र कारवाही प्रणाली (Fast Track System) अपनाइ मुद्दाको सुनुवाई गर्ने गरिएको पाईन्छ ।

भारतमा सन् २०१२ को डिसेम्बर १६ का दिन भारतको दिल्लीमा भएको सामुहिक बलात्कारको घटनापश्चात् भारतीय अपराध संहिता र सोसँग सम्बद्ध कानूनमा तत्काल आवश्यक संशोधन गरी यौन हिंसासम्बन्धी विद्यमान कानूनमा संशोधन गर्नुका साथै केही जिल्ला अदालतहरूमा "शीघ्र कारवाही अदालत" को गठन भई जबरजस्ती करणीलगायत गम्भीर प्रकृतिका महिला हिंसासँग सम्बन्धित मुद्दाहरु ती अदालतहरूबाट हेर्ने प्रचलन शुरु गरिएको छ ।

४. विद्यमान नेपालका कानुनहरूमा भएको व्यवस्था

अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था

- अधिकार र दायित्वको निर्धारण स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट हुने - *मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR), धारा १०*
- उचित समयावधिभित्र सुनुवाई गरिपाउने अधिकार हुने - *नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), धारा ९(३)*
- कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट सुनुवाई गर्न पाउने हक हुने- *नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), धारा १४(१)*
- सक्षम न्यायाधिकरणमार्फत भेदभावविरूद्धको संरक्षण सुनिश्चित गर्नु पर्ने- *महिला विरूद्ध सबै प्रकारको भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW), धारा २*
- अदालत तथा न्यायाधिकरणको कार्यविधिका सबै तहमा महिलालाई समान व्यवहार प्राप्त हुने- *महिला विरूद्ध सबै प्रकारको भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW), धारा १५*

जिल्ला अदालतमा अभियोग दावी प्रमाणित हुनेसम्मको आधार र प्रमाण प्रस्तुत हुन आएको नदेखिएमा वा हदम्याद, हकदैया, अधिकारक्षेत्रको अभाव वा थप प्रमाण बुझिरहनुपर्ने नदेखिएको अवस्थामा प्रारम्भिक सुनुवाईकै दिन मुद्दा किनारा गर्न सकिने व्यवस्था पनि जिल्ला अदालत नियमावलीको नियम ४६ क मा रहेको छ । त्यसैगरी मानव बेचविखन तथा ओसारप्रसार ऐन २०६४ को दफा २७ मा यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा गरिने व्यवस्था गरिएको छ । जिल्ला अदालत नियमावली २०५२ को आठौँ संसोधन २०६६ को नियम २३ ग मा मुद्दामा लगातार कारवाही र सुनुवाई गरिने व्यवस्था गरिएको छ । जुन व्यवस्था अनुसार अनूसुची ४(ख) वमोजिमका मुद्दाहरु अदालतमा अभियोग पत्र पेश भएपछि अभियोग

लगाइएका सबै प्रतिवादीहरु उपस्थित गराइएकोमा निजहरुको बयान गराई अदालतले आदेश दिएमा लगातार प्रमाण परीक्षण गरिने, सरकारवादी फौजदारी मुद्दाका हकमा अदालतले तोकेको दिनमा अभियोजनकर्ताले साक्षी गवाहा पेश गर्नु पर्ने, प्रतिवादीले वयान गर्दा खुलाइएका साक्षी प्रमाणहरु तत्कालै निजले उपस्थित गराउन वा प्रमाण पेश गर्न सक्ने भएमा सुनुवाईलाई निरन्तरता दिई प्रमाण परीक्षण गरिने व्यवस्था गरिएको छ ।

अदालतमा अभियोग पत्र पेश भएपछि अभियोग लगाइएका सबै प्रतिवादीहरु उपस्थित गराइएकोमा निजहरुको बयान गराई अदालतले आदेश दिएमा लगातार प्रमाण परीक्षण गरिने, सरकारवादी फौजदारी मुद्दाका हकमा अदालतले तोकेको दिनमा अभियोजनकर्ताले साक्षी गवाहा पेश गर्नु पर्ने, प्रतिवादीले वयान गर्दा खुलाइएका साक्षी प्रमाणहरु तत्कालै निजले उपस्थित गराउन वा प्रमाण पेश गर्न सक्ने भएमा सुनुवाईलाई निरन्तरता दिई प्रमाण परीक्षण गरिने व्यवस्था गरिएको छ ।

जिल्ला अदालत नियमावली, २०५२



त्यसैगरी मानव बेचविखन तथा ओसारप्रसार ऐनले यस ऐन अर्न्तगतको कसुर गरेमा उजुर पीडित आफैंले दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरून्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ६ (२) मा प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि र सो बयानसँग सम्बन्धित कसूरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भने बमोजिम नभएमा के कति फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्ने व्यवस्था गरेको छ भने उपदफा (३) मा उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको

कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था छ ।

५. पीडितमैत्री सुनुवाई कक्ष तथा कर्मचारीहरूको पीडितमैत्री व्यवहारका लागि तत्काल गरिनुपर्ने कार्यहरू

पीडितमैत्री अदालती वातावरण निर्माण गर्न पीडितमैत्री सुनुवाई कक्ष र यसका लागि बन्द ईजलासको व्यवस्था, गोपनीयता कायमका लागि आवश्यक प्रक्रियाहरूको अवलम्बन र त्यसको सुनिश्चितता, बालबालिका तथा लैङ्गिक सम्वेदनशिल कर्मचारी प्रशासन र उनीहरूको पीडितमैत्रीपूर्ण व्यवहार, सचेत र दक्ष अनुसन्धान टिम तथा प्रहरी प्रशासन आदि जस्ता कुराहरूमा ध्यान दिएको हुनु पर्दछ ।

अदालत पीडितहरूको न्याय र अधिकारहरूको संरक्षण गर्ने अभिभावक हो । अदालतप्रतिको विश्वास यसले सम्पादन गर्ने न्यायमा भर पर्दछ । तसर्थ अदालतले न्याय सम्पादन गर्दा अपनाउने प्रक्रिया, अदालतको पीडितमैत्री वातावरण र कर्मचारीहरूको पीडितमैत्री व्यवहारहरूले यसलाई प्रभाव पारिरहेको हुन्छ । यसैले पनि अदालतमा पीडितमैत्री सुनुवाई कक्षको व्यवस्था गरिनाले पीडितको अदालतप्रतिको विश्वास बढ्ने र न्याय सम्पादनमा उनीहरूको सहयोग प्राप्त हुन्छ । पीडितमैत्री अदालती वातावरण निर्माण गर्न पीडितमैत्री सुनुवाई कक्ष र यसका लागि बन्द ईजलासको व्यवस्था, गोपनीयता कायमका लागि आवश्यक प्रक्रियाहरूको अवलम्बन र त्यसको सुनिश्चितता, बालबालिका तथा लैङ्गिक सम्वेदनशिल कर्मचारी प्रशासन र उनीहरूको पीडितमैत्रीपूर्ण व्यवहार, सचेत र दक्ष अनुसन्धान टिम तथा प्रहरी प्रशासन, अदालतमा पीडितहरूका लागि बस्ने व्यवस्था, महिलाहरूको लागि अलग्गै शौचालयको व्यवस्था, बयानका लागि बाल तथा महिलामैत्री वातावरण, बालबालिका तथा अशक्त व्यक्तिहरूका लागि आफुले छानेका व्यक्तिलाई सहयोगीको रूपमा लैजान सक्ने व्यवस्था, महिला तथा बालबालिकामैत्री समयको व्यवस्थापन र सम्बन्धित पक्षहरूको साँस्कृतिक सम्बन्धहरूको सम्मान जस्ता कुराहरूमा ध्यान दिएको हुनु पर्दछ । यसलाई व्यवस्थित गर्न अनुसन्धान प्रक्रिया तथा मुद्दा व्यवस्थापन र बहस व्यवस्थापनको जटिलतालाई सम्बोधन गर्न आवश्यक हुन्छ । त्यसै गरी उच्च जोखिम तथा तनावमा रहेका पीडितहरूका लागि मनोसामाजिक परामर्शको व्यवस्था गर्नु पनि अर्को महत्वपुर्ण कार्य हो । यसका लागि उचित योजनाको साथै अदालतमा दक्ष जनशक्ति र उनीहरूलाई यस्ता कार्यहरूको लागि प्रोत्साहन र कार्य उत्प्रेरणाको खाँचो पर्दछ । यसका लागि उनीहरूलाई आवश्यक तालिमहरु उपलब्ध गराउनु पर्ने हुन्छ ।

पीडितमैत्री सुनुवाई कक्ष तथा अदालतका कर्मचारीहरू

- न्याय सम्पादनका सम्बद्ध निकायहरूमा दक्ष जनशक्तिको पर्याप्तताको व्यवस्था गर्ने र उनीहरूलाई आवश्यक तालिमहरूको व्यवस्था गर्ने,
- न्याय सम्पादनका सबै कार्यहरूलाई छिटो छरितो बनाउन सूचना प्रविधिको उच्चतम विधिहरूको प्रयोग गर्ने,

- बालबालिका तथा महिलासम्बद्ध मुद्दाहरूको प्रभावकारी अनुसन्धान तथा व्यवस्थापनलाई जोड दिन इजलासबाटै समन्वय र व्यवस्थापनको कार्य गर्ने,
- अदालतहरूमा पीडितमैत्री वातावरण, गोपनीयताको सुनिश्चितताको व्यवस्था मिलाउन आवश्यक व्यवस्था गर्ने,
- महिला तथा बालबालिकाहरु सम्बद्ध मुद्दाहरु हटाउने प्रवृत्तिमा कमी ल्याउन र संवेदनशील मुद्दाहरूको निरन्तर सुनुवाई गर्न अदालत स्वयंले आवश्यक व्यवस्था मिलाउने,
- अदालत स्वयंले मुद्दाका सबै सरोकारवालाहरूसँग प्रभावकारी समन्वय गर्ने,
- अदालतका कर्मचारीहरूबाट पीडितमैत्री न्याय सम्पादनका लागि गरिएका प्रयासहरूलाई समेत कार्य सम्पादन मूल्यांकनको आधार बनाउने,
- अदालतबाट पीडितमैत्री न्याय सम्पादनका लागि कर्मचारीहरूको सेवा सुविधा बढाई कार्य उत्प्रेरणा जगाउने र उनीहरूलाई आवश्यक तालिम तथा अभिमुखीकरण प्रदान गर्ने ।

मुद्दा पेश हुनासाथै अभियुक्त एवं साक्षी गवाहहरूलाई पनि प्रस्तुत गरी निजहरूको वयान लिने लगायतको बुझ्नु पर्ने प्रमाण लगातार रूपमा बुझ्ने कार्यले न्यायिक प्रकृयाको सुनिश्चितता र विश्वसनियता प्राप्त गर्दछ ।

६. साक्षी तथा पीडितहरूको बयानको प्रमाणीकरण

मुद्दा पेश हुनासाथै अभियुक्त एवं साक्षी गवाहहरूलाई पनि प्रस्तुत गरी निजहरूको वयान लिने लगायतको बुझ्नु पर्ने प्रमाण लगातार रूपमा बुझ्ने कार्यले न्यायिक प्रकृयाको सुनिश्चितता र विश्वसनियता प्राप्त गर्दछ । अदालतमा मुद्दा दायर भएपछि प्रारम्भिक सुनवाई भएको लामो अन्तरालपछि साक्षी परीक्षण हुने गर्दा साक्षीलाई आर्थिक प्रलोभनमा फसाउन सक्ने ज्यादा सम्भावना रहन्छ । प्रहरीमा अपराध अनुसन्धानका क्रममा वयान गरेको लामो अन्तरालपछि मात्र अदालतमा वकपत्र गराउँदा त्यसबाट थप प्रमाण संकलन गर्न लगायत साक्षी उपस्थितिमा कठिनाई उत्पन्न हुन सक्दछ । यसका साथै कतिपय मुद्दामा मौकामा साक्षी प्रमाणहरु बुझ्न नसक्दा प्रमाणहरु नास हुने जस्ता समस्या आउन सक्दछन् । तसर्थ साक्षी परीक्षणका लागि अपनाइने वर्तमान पद्धतिमा सुधार गरी लगातार सुनुवाई हुने पद्दति (Continuous Hearing System) को थालनी गर्नु पर्ने आवश्यकता देखिन्छ । साक्षी तथा पीडितहरूको बयान र त्यसको प्रमाणीकरणमा देखिएका समस्याहरूलाई निराकरण गर्न अभियोगपत्र पेश गर्दा नै वादी पक्षका साक्षीहरु पेश गर्ने, अभियुक्तले पनि वयानपछि नै आफ्ना साक्षी पेश गर्ने र साक्षीहरु धेरै भए वा अन्य कुनै कारणले साक्षी परीक्षण गर्न नसकिए सोही न्यायाधीशको इजलासले भोलिपल्टै सबै साक्षीहरूको परीक्षण गर्नुपर्ने, प्रतिवादीले आफ्ना साक्षी तुरून्त पेश गर्न नसकेमा बढीमा ७ दिनको म्याद दिनुपर्ने जस्ता कानुनी व्यवस्थाहरु गर्न आवश्यक देखिएको छ । सर्वोच्च अदालतले

जिल्ला अदालत नियमावलीमा तोकिएका फौजदारी मुद्दाहरूमा लगातार कारवाही र सुनुवाईको लागि अपराध अनुसन्धान एवं अभियोजनसम्बन्धी निकायको पनि सहयोग र सहभागिताको शुरूदेखिनै जरूरी हुने हुनाले त्यस प्रयोजनको लागि आवश्यक तयारी गर्न, लगातार सुनुवाईको लागि अदालतमा गठन हुने संयन्त्रसँग समन्वय र सहकार्य गर्न र अदालतबाट लगातार सुनुवाई गर्ने सन्दर्भमा साक्षी प्रमाण मुकरर गर्नको लागि आदेश भएको मिति र समयमा आफ्नो साक्षी प्रमाण आदि उपस्थित गराउने सुनिश्चित्ताको लागि जो चाहिने आवश्यक स्रोत साधनसहितको कानुनी व्यवस्था गरी गराई सहयोग गर्नु भनी आ-आफ्नो मातहतका निकायहरूलाई आवश्यक निर्देशन गर्नु भनी नेपाल सरकार गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयसमेतको नाममा परमादेशको आदेशसमेत जारी गरिसकेको सन्दर्भमा यी विषयहरूलाई वर्तमान कानुन अन्तर्गत समावेश गर्न आवश्यक देखिएको छ ।

७. निरन्तर सुनुवाई

न्यायालयप्रतिको जनविश्वासलाई कायम गर्न तथा निष्पक्ष, स्वच्छ र प्रभावकारी न्याय सम्पादन गर्न अभियोजनसँगै वा यथाशीघ्र छिटो साक्षीहरूको परीक्षण हुने र प्रतिवादीहरूको शीघ्रातिशीघ्र उपस्थिति गराई सुनुवाई हुनसक्ने स्थिति सुनिश्चित गर्न जरूरी हुन्छ । अन्यथा प्रतिवादीले समेत लामो समयसम्म अभियोग कायम रहेबाट व्यहोर्नु पर्ने असुविधा भोगिरहनुपर्ने हुन्छ । त्यसैले मुद्दाको प्रकृया अनुचित रूपले लम्बिन नदिन र पीडित एवं प्रतिवादी स्वयंलाई समेत न्यायको अनुभूति दिलाउन व्यवस्थापनसम्बन्धी उपायका रूपमा लगातार सुनुवाईको व्यवस्था एउटा महत्वपूर्ण उपायको रूपमा देखा परेको छ ।

न्यायालयप्रतिको जनविश्वासलाई कायम गर्न तथा निष्पक्ष, स्वच्छ र प्रभावकारी न्याय सम्पादन गर्न अभियोजनसँगै वा यथाशीघ्र छिटो साक्षीहरूको परीक्षण हुने र प्रतिवादीहरूको शीघ्रातिशीघ्र उपस्थिति गराई सुनुवाई हुनसक्ने स्थिति सुनिश्चित गर्न जरूरी हुन्छ । अन्यथा प्रतिवादीले समेत लामो समयसम्म अभियोग कायम रहेबाट व्यहोर्नु पर्ने असुविधा भोगिरहनुपर्ने हुन्छ ।

नेपालमा अत्यन्तै ढिलो समयसम्म अदालतहरूमा मुद्दाहरु विचाराधिन हुने गरेका छन् । यसले पक्षहरूलाई अनावश्यक हैरानी, समय र पैसाको बर्बादि हुने गरेको छ भने अदालत र राज्यको समेत अनावश्यक समय र दायित्वमा वृद्धि भएको छ । हिंसाबाट शिकार भएका बालबालिका, गरिब असहाय, वृद्ध, महिला सम्बद्धहरूको सम्बन्धमा निरन्तर सुनुवाई गरी न्याय प्रदान गर्नु राज्यको दायित्व पनि हो । यसले एकातिर अदालतको समय र खर्चलाई बचाउँदछ भने अर्कोतर्फ पीडितहरूको अदालतप्रतिको विश्वासलाई समेत गुम्न दिंदैन । यसले न्यायको प्राप्तिलाई छिटो, छरितो, सर्वसुलभ र जनताको पहुँच योग्य बनाउँछ । निरन्तर सुनुवाईले न्याय छिटो छरितो हुन गई पीडितले न्यायको अनुभूति गर्न सक्ने, कथम कदाचित अभियोग लागेका व्यक्ति निर्दोष ठहरे समयमै सफाई पाई अनावश्यक हैरानीबाट बचावट हुने, पीडित साक्षीलाई अनुचित आर्थिक लाभमा पारी अदालतमा उपस्थित हुनबाट रोक्ने अवसर सीमित हुने भई त्यस्तो प्रयास निरूत्साहित हुने, अभियुक्तबाट पीडितप्रति हुने डर त्रास धम्कीजस्ता क्रियाकलाप नियन्त्रित हुने, समयमै साक्षी प्रमाण प्रस्तुत गरिने भएबाट साक्षी उपस्थित गराउने प्रकृयामा नै लामो समय बिताउन नपरी सहजता हुने, अदालतमा साक्षी उपस्थित भई प्रतिकुल (Hostile) हुनबाट रोकिने जस्ता लाभहरू प्राप्त हुने गर्दछ ।

जिल्ला अदालत नियमावलीमा २०६६ मा भएको संशोधनले लगातार सुनुवाईसम्बन्धी व्यवस्था गरी महिला, बालबालिका पीडित हुने, उनीहरूविरूद्ध हुने गम्भीर फौजदारी प्रकृतिका कसूरहरूको सुनुवाई प्रक्रिया छिटो, कम खर्चिलो होस् जसले गर्दा पीडितले

न्यायको अनुभव गर्न सकोस्, कानुनी शासनको यथोचित विधि प्रकृयाको पुरापुर प्रयोग होस् भन्ने व्यवस्था गरेको छ । यसलाई अझ प्रभावकारी ढंगबाट व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

निरन्तर सुनुवाईले न्याय छिटो छरितो हुन गई पीडितले न्यायको अनुभूति गर्न सक्ने, कथम कदाचित अभियोग लागेका व्यक्ति निर्दोष ठहरे समयमै सफाई पाई अनावश्यक हैरानीबाट बचावट हुने, पीडित साक्षीलाई अनुचित आर्थिक लाभमा पारी अदालतमा उपस्थित हुनबाट रोक्ने अवसर सीमित हुने भई त्यस्तो प्रयास निरुत्साहित हुने आदि लाभहरु प्राप्त हुने गर्दछ ।

निरन्तर सुनुवाईको लागि गरिनुपर्ने आवश्यक कार्यविधि

- महिला तथा बालिकाहरु सम्बद्ध रहेको मुद्दाहरूलाई अति आवश्यक अवस्थामा बाहेक हटाउन नमिल्ने र हटाउन मिल्ने देखिएको अवस्थामा पनि थौरैपटक मात्र त्यस्तो गर्न सकिने व्यवस्था गर्ने,
- तोकिएका मुद्दाहरूमा प्रतिवादी चुक्ता भएको अवस्थामा अभियोग पत्र दायर हुनासाथ साक्षी प्रमाण बुझ्ने मिति बाटोको म्याद अन्दाज गरी भोलिपल्टै वा १ हप्ताभित्र साक्षी बकपत्रको मिति तोक्ने,
- तोकिएको मिति र समयमा बकपत्र गराउने र सोको भोलिपल्टका लागि पेशी चढाउने,
- सरकारी वकिल र प्रतिरक्षी कानून व्यवसायीसँग छलफल गरी प्रहरी कार्यालयमा सो बकपत्रसम्बन्धी तत्काल टेलिफोनबाट जानकारी गराउने,
- तोकिएको मितिमा उपस्थित नहुने तर नबुझी नहुने साक्षी भएमा पुनः साक्षी बुझ्ने आदेशमाथि उल्लेख भए बमोजिम तत्काल गर्ने,
- साक्षी प्रमाण बुझिसकेकोमा दुवै पक्षका कानून व्यवसायीसँग सल्लाह गरी सकभर भोलिपल्ट नै पेशी सुचीमा राखी मुद्दाको किनारा गर्ने,
- पेशीका दिन पीडित तथा जाहेरवालालाई उपस्थित गराउने,
- कानून व्यवसायीले कारणसहित हटाउन निवेदन गरेमा २ पटकसम्म मात्र मुद्दा हटाउने,
- निरन्तर सुनुवाई हुने मुद्दामा अपरिहार्य अवस्था परेमा बाहेक स्थगन नगर्ने ।

८. अदालती प्रक्रियालाई पीडितमैत्री बनाउन यसका सम्बद्ध पक्षहरूले गर्नुपर्ने भूमिका

पीडितमैत्री अदालती कार्यविधिका लागि यसका सम्बद्ध सबै निकाय र व्यक्तिहरूसमेतको फरक फरक भूमिका रहन्छ । तसर्थ ती सबै निकायहरूबीचको समन्वय र सहकार्यबाट मात्रै न्याय सम्पादनका सबै प्रक्रियाहरु पीडितमैत्री ढंगबाट अगाडि बढ्न सक्दछन् । यसका लागि सबै निकायहरूले आ-आफ्ना विशेष जिम्मेवारीहरु निभाउनु पर्ने हुन्छ ।

अनुसन्धान तहकिकात गर्ने प्रहरी कर्मचारीले निर्वाह गर्नुपर्ने भूमिका

- महिला तथा बालबालिकासम्बद्ध घटनाहरूको अनुसन्धान तथा अभियोजनलाई प्राथमिकताका साथ अगाडि बढाउने र सबै सवुद प्रमाणहरूको संकलन गर्नु पर्ने,
- मुद्दाका पीडित/साक्षी एवं अन्य साक्षीहरूलाई मुद्दा पेश गर्दाकै दिन अदालतमा उपस्थित हुने कुरा समयमा नै जानकारी गराउने,

- विशेषज्ञहरूलाई मुद्दा पेश गर्दाकै क्रममा उपस्थित भई वकपत्र गर्न सक्ने व्यवस्था मिलाउने,
- अनुसन्धानका क्रममा वयान लिँदाकै अवस्थामा अभियुक्तलाई मुद्दामा निरन्तर तथा नियमित सुनुवाई हुने कुराको जानकारी गराई आ-आफ्ना साक्षीहरूको मुद्दा दायर हुँदा नै पेश गर्न अभिप्रेरित गर्ने,
- सबै अभियुक्तहरूलाई समयमै पत्राउ गरी मुद्दा पेश गर्दाकै बखत उपस्थिति गराउनेतर्फ सक्रिय रहनु पर्ने,
- पीडित साक्षीलाई आफ्नै सुरक्षा र संरक्षणमा राख्ने व्यवस्था मिलाउनु पर्ने,
- पीडित/साक्षीलाई अदालतमा उपस्थित गराउन सकिने गरी सम्पर्कमा रहने व्यवस्था मिलाउनुपर्ने ।



अभियोजनकर्ता/सरकारी वकिलले निर्वाह गर्नुपर्ने दायित्व

- लगातार सुनुवाई हुनुपर्ने मुद्दाहरूको सुनुवाई प्रकृया लगातार गर्न अभियोगपत्र पेश गर्दा नै अदालतसमक्ष अनुरोध गर्ने,
- सरकारी वकिलले अभियोग पेश गर्दाको बखतमै अभियोग पत्रका साथ पेश हुन सक्ने साक्षीहरूको यकिन गरी तत्काल बकपत्र गराउन अनुरोध गर्ने,
- सरकारी वकिलले मुद्दा पेश गर्दाकै बखत साक्षी परीक्षण सम्बन्धी विषयमा अदालतसँग समन्वय कायम गर्ने,
- यथासम्भव अभियोग लगाइएका प्रतिवादीहरूलाई अभियोगपत्रसँगै पेश गर्न पहल गर्नुपर्ने,
- साक्षी परीक्षण गर्ने सिलसिलामा आफ्नो साक्षीको सोधपुछ गर्दा विषय सन्दर्भको पुर्नताजगी गराउने, प्रतिकूल साक्षी (Hostile Witness) हुने अवस्थाको निगरानी गर्ने र कदाचित प्रतिकूल वकपत्र गरेमा सम्भावित असरहरूको बारेमा सचेत भई आवश्यक उपाय गर्ने ।

अदालतबाट निर्वाह गर्नुपर्ने दायित्व

- अदालतबाट प्रहरी एवम् सरकारी वकिललाई तत्काल साक्षी प्रमाणपत्र पेश र परीक्षण गर्न निर्देशन दिने,
- पेश भएका साक्षी प्रमाणलाई उच्च प्राथमिकता दिई सुनुवाई एवम् परीक्षण गर्ने आवश्यक व्यवस्था गर्ने,
- जिल्लास्थित समन्वय समितिमार्फत् मुद्दा व्यवस्थापनका बारेमा छलफल गरी लागू गर्न आवश्यक कार्य प्रारम्भ गर्ने,
- अदालतमा मुद्दा दायर भएपछि तत्काल साक्षी प्रमाण परीक्षण हुन नसक्ने भएमा न्यायाधीश, सरकारी वकील, प्रतिवादीका कानुन व्यवसायी बसी पूर्वसुनुवाई (Pre-Trial Conference) छलफल गर्ने,

- पूर्वसुनुवाई छलफलबाट (Pre-Trial Conference) पेश भएका मुद्दाहरूमा प्रमाण पेश गरे/नगरेको, साक्षी उपस्थित भए नभएको, थप साक्षी प्रमाण बुझ्नु पर्ने नपर्ने आदि विषयमा छलफल गरी पेश भएका साक्षी प्रमाण र बाँकी साक्षी प्रमाणहरूको परीक्षण हुन मिति तोकी सुनुवाई गर्ने व्यवस्था गर्नुपर्ने,
- लगातार सुनुवाईका लागि पेश भएका मुद्दाहरूले पुराना मुद्दाहरूलाई असर नपर्ने गरी सो अनुरूपको मुद्दा सुनुवाई तालिका अदालतबाट तयार गरी लागू गर्नुपर्ने,
- लगातार सुनुवाई हुने मुद्दाको कार्यतालिका बनाउने,
- लगातार सुनुवाई गर्नुपर्ने भएको वा सोको लागि अनुरोध भएको मुद्दामा तदनुरूप सुनुवाई हुने सुनिश्चतता कायम गर्न जो चाहिने आवश्यक व्यवस्था गर्ने ।

कानुन व्यवसायीले निर्वाह गर्नु पर्ने दायित्व

- लगातार सुनुवाई हुने भनि तोकिएका मुद्दामा अदालत, सरकारी वकिलसँग समयमै समन्वय कायम गरी कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने,
- आफ्नो पक्षलाई मुद्दा पेश गर्दाकै बखत आफ्ना साक्षीहरूको उपस्थिति गराउन अनुरोध गर्ने,
- आफ्नो पक्षले प्रस्तुत गरेका साक्षीहरूलाई समयमै परीक्षण गराइदिने तर्फ अभिप्रेरित हुने,
- लगातार सुनुवाई हुने भनि तोकिएको मुद्दाहरूलाई अत्यावश्यक परिस्थितिमा बाहेक पेशीबाट हटाउने कार्यलाई आफ्नो सुविधाका रूपमा नलिने ।

नागरिक समाजले निर्वाह गर्नुपर्ने दायित्व

- वारदात, घटना तथा पीडितको अवस्थासम्बन्धी सूचना यथासम्भव चाँडो प्रहरीलाई दिने,
- पीडितलाई सुरक्षाको खतरा भए सुरक्षित राख्न आवश्यक सम्भव उपायहरु अपनाउने,
- पीडितको लागि आश्रयको आवश्यकता भए सो उपलब्ध गराउनका लागि हरसम्भव प्रयास गर्ने,
- पीडितलाई अदालती कारवाहीका बारेमा जानकारी दिलाई आवश्यक सहयोग पुऱ्याउने,
- साक्षीलाई वकपत्रका लागि अदालतले बोलाएको अवस्थामा साक्षीलाई अदालतमा उपस्थित गराउन सहयोग पुऱ्याउने,
- अदालतबाट भएको आदेश वा फैसलाको कार्यान्वयन गर्ने गराउने, क्षतिपूर्ति भराउन पीडित साक्षीलाई सहयोग पुऱ्याउने ।